जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३३ • २०८३ साल आश्विन १४ गते बुधबार (30 September, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेशमा गुणस्तरीय स्वास्थ्य, शिक्षा र विशेषज्ञ सेवा विस्तार गर्न विधेयक आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मधेश प्रदेशमा गुणस्तरीय स्वास्थ्य शिक्षा विस्तार, दक्ष जनशक्ति उत्पादन तथा विशेषज्ञ स्वास्थ्य सेवा विस्तारका लागि छुट्टै विधेयक ल्याउनुपरेको बताएकी छन् ।

प्रतिनिधिसभामा 'रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक, २०८३' माथि उठेका प्रश्नको जवाफ दिँदै उनले संविधानले सुनिश्चित गरेको स्वास्थ्यसम्बन्धी हकलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्नेक्रममा छुट्टै विधेयक ल्याइएको बताइन् ।

उनले संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई आधार भूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको तथा आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गर्न नहुने व्यवस्था गरेको उल्लेख गरिन् । संविधानको धारा ५१ ले पनि जनस्वास्थ्यमा लगानी वृद्धि, गुणस्तरीय स्वास्थ्य सेवामा सहज र समान पहुँच तथा स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या बढाउँदै लैजानुपर्ने व्यवस्था गरेको उनको भनाइ छ ।

मन्त्री मेहताले जनाए अनुसार अन्य प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहे पनि मधेश प्रदेशमा हालसम्म त्यस्तो प्रतिष्ठान स्थापना तथा सञ्चालन हुन सकेको छैन । प्रादेशिक सन्तुलन कायम गर्दै मधेशका नागरिकलाई आफ्नै प्रदेशमा गुणस्तरीय स्वास्थ्य शिक्षा र विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन प्रतिष्ठान आवश्यक रहेको उनले बताइन् ।

प्रतिष्ठान स्थापनाका लागि रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० जारी भइ पूर्वाधार निर्माण तथा तयारीका काम अघि बढिरहेको उनले बताइन् । स्वास्थ्यमन्त्रीले समितिको पहिलो बैठक २०८१ वैशाख २ गते बसेकाले प्रतिष्ठानसम्बन्धी कानुनी व्यवस्था यथाशीघ्र तयार गर्नुपर्ने बताइन् ।

### जनकपुरधाम संरक्षित क्षेत्र घोषणा

# जानकी मन्दिर नै अल्मलमा, तीन निकायबाट रोक

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले जानकी मन्दिर समेत समावेश रहने गरी परिक्रमा सडकको विभिन्न चोकलाई चार किल्ला तोकेर संरक्षित क्षेत्र घोषणा गरेपछि अहिले मन्दिर नै अल्मलमा परेको छ ।

जनकपुरधाममा आयोजना हुने र जानकी मन्दिरले आयोजना गर्ने सबैभन्दा ठूलो महोत्सव रामजानकी विवाह महोत्सव( विवाह पञ्चमी) आउन लागेको छ ।

रामजानकी विवाहपञ्चमी महोत्सवको तयारी शुरु भइसक्नु पर्ने थियो । तर गुठी संस्थान, पुरातत्व बिभाग र नेपाली सेनाको प्रकौली गणले मन्दिरमा भौतिक संरचनामा कुनै कार्य गर्न रोक लगाएको छ ।

गुठी संस्थानले मन्दिरको भौतिक कार्य गर्ने जनाउँदै महन्त रामतपेश्वर दास वैष्णवलाई समन्वय नगरी कुनै कार्य नगर्न निर्देशन दिएको छ । पुरातत्व विभागले पनि महन्त दासलाई भौतिक संरचना सम्बन्धी कुनै कार्य नगर्न जनाउ दिएको छ ।

नेपाली सेनाको महोत्तरी जिल्लाको प्रकौलीस्थित गणबाट पनि मन्दिरको रंगरोगनलगायतका कार्यहरु गर्ने जनाउँदै महन्तलाई त्यस सम्बन्धी कार्य नगर्न जानकारी गराएको छ ।

विवाह महामहोत्सवमा मन्दिरको रंगरोगन लगायतका सौन्दर्यीकरणको कार्य महन्त दासले नै गराउँदै आएका छन् । सरकारी निकायहरुबाट रोक लगाइएकोले मन्दिरकोभौतिकसंरचना, रंगरोगन लगायतका सौन्दर्यीकरणको कार्य नगर्ने जानकी मन्दिरकामहन्त रामतपेश्वर दासलेबताएका छन् ।



'मन्दिरमा रंगरोगन गर्न धेरै समय लाग्ने गरेको छ' उनले भने, मन्दिरमा बनाइएका बुट्टाहरुमा फरक फरक किसिमको रंग लागेकोले त्यस अनुसारको काममा समय लाग्छ । 'सरकारी निकायहरुले काम गर्न नभनेकोले मपनि चुप लगाएको छु ' उनले भने, बिबाहपञ्चमीको तयारीमा पनि म लागेको छैन ।

विगत वर्षहरुमा महन्तले विवाहमहोत्सवको तयारीका लागि सर्वपक्षीय बैठक बोलाउने र कार्य विभाजन गरी मेलाको व्यवस्थापन गर्थे । 'यस पटक हामीलाई केही नगर्न निर्देशन दिएकोले चुप लगाएर बसेको छु' महन्त दासले भने, अहिले हामी भगवानको दैनिक पूजाआजा बाहेकको कार्यहरु गरिरहेका छैनौं ।

जानकी मन्दिरको भित्री परिसरमा लगाइएको टायल्सहरु उप्केर कुरुप बन्न थालेको छ । बाहिरी परिसरमा पनि टायल्सको अवस्था राम्रो छैन । मधेश प्रदेश सरकारले मन्दिरलाई सुन्दर बनाउन टायल्स लगाएको थियो । तर कमसल टायल्स रहेको कारण प्रारम्भदेखि नै उप्किने र फुट्ने समस्या भएको हो ।

जानकी मन्दिरको मूल संरचना लगायत बाहिरी संरचनामा समेत बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले विद्युतीकरणको कामगर्दा मन्दिरभर नै प्वाल परेको छ । वर्षाको पानी पर्दा मन्दिर निर्माण गरिएको सुर्खी बग्न थालेको छ ।

पुरातत्व विभागले विगतमा जानकी मन्दिरको दक्षिण तर्फको छानामा हिल्टी चलाएर फुटाएको थियो । छाना चुहेको भन्दै ठूला किसिमको हिल्टी चलाएर मर्मत पुरातत्व विभागले गर्दा त्यसको आलोचना भएको थियो ।

नेपाल सरकारले संरक्षित क्षेत्र घोषणा गरेको सीमाभित्र के गर्ने ? र के नगर्ने ? नागरिक बडापत्र जारी गरेको छैन । संरक्षित क्षेत्र भित्र कस्ता कारोबार हुने र नहुने ? अहिले सरकारले तोकेको छैन ।

जानकी मन्दिरको सञ्चालन विधि परम्परागत गुरु शिष्यको चलन अनुसार हुने अथवा सरकारले ट्रष्ट स्थापना गरी सञ्चालन गर्ने त्यो पनि टुंगो लागेको छैन ।

जानकी मन्दिर जनकपुरधामको मात्र नभइ संसारकै सनातन धर्मावलम्बीहरुको आस्थाको केन्द्र हो । सनातन धर्मावलम्बीहरुको आस्थासित जोडिएको धरोहर जानकी मन्दिर हो ।

सरकारले जनकपुरधामको धार्मिक र सांस्कृतिक महत्वलाई अक्षुण राख्न महत्वपूर्ण निर्णय गरेको छ । तर निर्णय गरेर मात्र पुग्दैन । विगतमा पनि परिक्रमा क्षेत्रलाई मद्यमाँस निषेधित क्षेत्र घोषणा गरेको थियो ।

जानकी मन्दिरमा महन्तले परम्परागत रुपमा गर्दै आएको कार्यमा रोक लगाउने निकायहरुले आफ्नो स्तरबाट परम्परागत कार्यहरुलाई निरन्तरता दिन आवश्यक छ ।

'जानकी मन्दिरको गर्भगृहमा रहेका भगवानहरुको चाँदीको आभूषणहरु मर्मत र थप गर्नुपर्ने छ' महन्त दासले भने, विवाहमहोत्सवमा आसनको पनि सौन्दर्यीकरण गरिन्छ । तर सम्बन्धित निकायहरुले फोन र भेटेर कार्य नगर्न भन्नु बाहेकको थप जानकारी दिएको छैन ।

जानकी मन्दिर स्वयं छुट गुठी रहेको थियो । हाल गुठी संस्थानले जानकी मन्दिरलाई पूर्ण रुपमा आफ्नो मातहत लिएको छ ।

# कोशीको बाढीले वर्षेनी विस्थापित हुँदै सुकुमवासी, ५२३ परिवार प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । कोशी नदीको बाढी सप्तरीका तटीय वस्तीका लागि वर्षेनी दोहोरिने विपत्ति बनेको छ । सुरक्षित बसोबासको अभावमा नदी किनार र तटबन्ध आसपास बस्दै आएका सुकुमवासी परिवार बाढी आउनासाथ घर छाडेर सडकपेटी, तटबन्ध र अग्ला स्थानमा आश्रय लिन बाध्य छन् । यस वर्ष पनि हनुमाननगर कंकालिनी नगरपालिका र तिलाठी कोइलाडी गाउँपालिकाका गरी कम्तीमा ५ सय २३ परिवार बाढीबाट प्रभावित भएका छन् ।



सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-७ मा पर्ने मुसहरीकी ४५ वर्षीया रामकुमारी सदा तीन दिनदेखि बालबालिकासहित सडकपेटीमा टाँगिएको त्रिपालमुनि रात काटिरहेकी छन् । बिहीबार आँगनमा पसेको पानी शुक्रबार भान्छासम्म पुगेपछि उनी घर छाड्न बाध्य भइन् । सडकभन्दा तल बाढी बगेकाले तीन जना साना बालबालिकालाई छाडेर खाना पकाउनसमेत नसकेको उनले बताइन् । शनिबार बालबालिकालाई चाउचाउ खुवाएर दिन कटाए पनि आफू भने भोकै सुत्नुपरेको उनको गुनासो छ ।

सदाका लागि यो पहिलोपटकको विपत्ति होइन । तीन पुस्तादेखि यही क्षेत्रमा बस्दै आएको उनको परिवार हरेक वर्ष कोशीको बाढीमा घर डुब्ने र सुरक्षित ठाउँ खोज्दै विस्थापित हुने गरेको छ । अन्यत्र जग्गाजमिन नभएकाले बाढीको जोखिम थाहा हुँदाहुँदै पनि यही बस्न बाध्य भएको उनी बताउँछिन् । चुनावका बेला सुरक्षित बसोबासको आश्वासन पाउने गरे पनि समस्या दशकौंदेखि जस्ताको तस्तै रहेको उनको भनाइ छ ।

मुसहरी टोलमा वडा नम्बर ७ र ५ का गरी २५ परिवार अहिले त्रिपालमुनि बसिरहेका छन् । बाढीले घरसँगै उनीहरूका चापाकलसमेत डुबाएको छ । ५८ वर्षीय शिवु सदा आधा डुबेको चापाकलको पानी पिउन बाध्य छन् । सुरक्षित बसोबासको माग गर्दै पुस्तौं बिते पनि आफूहरूको समस्या समाधान नभएको उनको गुनासो छ ।

कोशीको पश्चिमी तटबन्धभन्दा पूर्वतर्फका मुसहरी, सखुवा र गोबरगाढालगायत बस्तीमा वर्षेनी बाढीको जोखिम रहँदै आएको छ । विगतका बाढीमा पनि यी बस्तीका घर डुबानमा पर्ने, परिवार विस्थापित हुने, खाद्यान्न तथा पशुचौपायामा क्षति पुग्ने र दैनिक जीवन प्रभावित हुने गरेको स्थानीयको भनाइ छ । सुरक्षित बसोबासको स्थायी व्यवस्था नहुँदा बाढी घटेपछि परिवारहरू पुनः जोखिमयुक्त बस्तीमै फर्किनुपर्ने अवस्था छ ।

हनुमाननगर कंकालिनी नगरपालिका-१३ मा पर्ने गोबरगाढाका मात्रै १५० परिवारका घर पूर्ण रूपमा डुबानमा परेको नगरप्रमुख वीरेन्द्र माझीले बताए । टापुमा बसोबास गर्ने केही परिवारलाई वस्तीभन्दा पश्चिमतर्फ अग्लो स्थानमा निर्माण गरिएका १० वटा 'टेन्ट हाउस'मा सारिएको छ । वर्षा र बाढीको पूर्वजानकारी पाएपछि परिवारहरूलाई सुरक्षित स्थानमा सार्न खोजिए पनि सबै स्थानान्तरण हुन तयार नभएको उनले बताए ।

माझीका अनुसार हनुमाननगर कंकालिनी नगरपालिका-१२ का २ सय तथा वडा नम्बर ७ र ५ का १ सय ५४ परिवारका घर पनि डुबानमा परेका छन् । बाढीका कारण खाना पकाउनसमेत समस्या भएपछि नगरपालिकाले शनिबार साँझदेखि पुरानो नगरपालिका कार्यालय भवनमा निः शुल्क मेस सञ्चालन गरेको छ। बाढी प्रभावितलाई दिनमा दुई छाक खाना खुवाउने व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ । गत शुक्रबार गोबरगाढामा पाँच वर्षीय बालकको कोशीको बाढीमा डुबेर मृत्यु भएको नगरप्रमुख माझीले बताए ।

यस्तै, तिलाठी कोइलाडी गाउँपालिकाका वडा नम्बर ४ का ११ र वडा नम्बर ५ का ८ गरी १९ परिवारका घरमा पनि बाढी पसेको छ। कोशी नदीको पश्चिमी बाँध आसपासका घरमा पूर्ण रूपमा पानी पसेपछि प्रभावित परिवारलाई गाउँपालिकाले खाद्यान्नसहित राहत सामग्री वितरण गरिरहेको छ । पहिलो चरणमा प्रतिपरिवार २५ किलो चामल, ३ किलो भुजा, २ किलो चिउरा, १ लिटर तेल, नुन, भुजिया, चाउचाउ, त्रिपाल, झुल र ब्ल्यांकेटलगायत सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले बताए ।

बाढीको जोखिम कम गर्न सुरक्षाकर्मीसमेत परिचालन गरिएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेडक्वार्टर सप्तरीले कोशी तटीय क्षेत्रमा डीएमटी म्यानेजमेन्ट टिमका उद्धार टोलीलाई 'हाई अलर्ट' मा राखेको छ । तटीय तथा अन्य बाढी प्रभावित क्षेत्रमा ३२ जनाको डीएमटी टोलीसहित ५ सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको सशस्त्र प्रहरी उपरीक्षक नवीनसिंह राईले बताए । उद्धारका लागि दुई र्‍याफ्टिङ र तीन मोटरबोट तयारी अवस्थामा राखिएका छन् ।

शनिबार रातिको तुलनामा आइतबार साँझ कोशीको पानीको बहाव केही घटे पनि तटीय वस्तीमा जोखिम भने कायमै छ । हरेक वर्ष बाढीपछि राहत र उद्धारमा ठूलो प्रयास हुने गरे पनि दीर्घकालीन सुरक्षित बसोबासको व्यवस्था नहुँदा सुकुमवासी परिवारको समस्या दोहोरिइरहेको छ । विगतका बाढीले घर, अन्नपात र जीविकोपार्जनमा पुर्‍याउँदै आएको क्षतिबाट पाठ सिक्दै जोखिमयुक्त वस्तीको स्थायी व्यवस्थापन र सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने स्थानीयको माग छ ।



## किसान सूचीकरणमा तीन लाख किसान थपिए

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीको पहलपछि पछिल्लो समय किसान सूचीकरण अभियानले गति लिएको छ । उहाँले किसान सूचीकरणलाई अनिवार्य रूपमा कार्यान्वयन गर्न आग्रह गर्दै आएपछि करिब तीन लाख किसान सूचीकरण प्रणालीमा दर्ता भएका छन् ।

हालसम्म देशभर जम्मा २६ लाख ७९ हजार किसान सूचीकरण प्रणालीमा सूचीकृत भएका छन् । किसानको वास्तविक पहिचान सुनिश्चित गर्दै कृषि क्षेत्रका कार्यक्रमलाई तथ्याङ्कमा आधारित बनाउन सूचीकरणलाई प्राथमिकतामा राखिएको मन्त्रालयले आज जनाएको छ ।

मन्त्रालयले आफ्नो मातहतका सम्पूर्ण कार्यालय, निकाय तथा आयोजनालाई कृषि कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित लाभग्राही किसानको किसान सूचीकरण दर्ता नम्बर अनिवार्य रूपमा प्रयोग गर्न र गराउन निर्देशन दिएको छ ।

किसान सूचीकरणमार्फत वास्तविक किसानको पहिचान, तथ्याङ्कमा आधारित कृषि योजना तर्जुमा तथा राज्यबाट उपलब्ध गराइने सेवा-सुविधामा पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने उद्देश्य राखिएको मन्त्रालयको भनाइ छ ।

सरकारी कृषि कार्यक्रमअन्तर्गत प्रदान गरिने अनुदान, मल वितरण सेवा तथा अन्य कृषि सुविधामा वास्तविक किसानको पहुँच सुनिश्चित गर्न किसान सूचीकरण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई मन्त्रालयले आग्रह गरेको छ ।रासस

### सरकारी फाइलको डिजिटल ट्र्याकिङमा

# टिप्पणी, अनुगमन र हस्ताक्षर डिजिटलमा, निर्णयमा एआईको प्रयोग




टुडे समाचारदाता

जनकपुरधाम । नेपाल सरकारले सरकारी कार्यालयको प्रशासनिक कार्यलाई डिजिटलमा रुपान्तरण गर्न 'सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३' जारी गरेको छ ।

नेपाल राजपत्रको खण्ड ७६, संख्या ३७, २०८३ असोज १२ गते प्रकाशित नियमावलीले सरकारी निर्णय प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गर्दै फाइल दर्तादेखि टिप्पणी, राय, स्वीकृति, डिजिटल हस्ताक्षर, अभिलेखीकरण र अनुगमनसम्मको प्रक्रिया विद्युतीय प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था गरेको छ । सरकारले जारी गरेको सो नियमावली मुद्रण विभागले राजपत्रमा प्रकाशन समेत गरेको छ ।

यसअघि रहेको कागजी प्रक्रिया मार्फत हुने कार्यका लाग बनेका 'सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५' लाई खारेज गरी डिजिटल व्यवस्थासहितका नयाँ नियमावली ल्याइएको हो । निर्देशिकाभन्दा नियमावलीको कानुनी बाध्यकारी हैसियत बढी हुने भएकाले अब यसको कार्यान्वयन सरकारी निकायका लागि औपचारिक कानुनी दायित्व बनेको छ ।

नयाँ व्यवस्थाको महत्वपूर्ण पक्ष फाइलको समय ट्र्याकिङ हो । डिजिटल प्रणालीमा फाइल दर्ता भएपछि त्यसको समय स्वतः गणना हुने र तोकिएको अवधिभित्र सम्बन्धित तहबाट कारबाही वा निर्णय नभएमा २४ घण्टाभित्र फाइल स्वतः माथिल्लो निर्णय तहमा पुग्ने व्यवस्था गरिएको छ । यसले कुनै कर्मचारी वा अधिकारीको तहमा फाइल लामो समय रोकिएर बस्ने अवस्थालाई प्रणालीगत रूपमा अनुगमन गर्ने आधार तयार गरेको छ ।

डिजिटल प्रणालीमा दर्ता हुने प्रत्येक फाइललाई विशिष्ट पहिचान नम्बर तथा क्यूआर कोड दिइनेछ । तयार भएको विद्युतीय फाइललाई समेत आधिकारिक सरकारी अभिलेखका रूपमा मान्यता दिइने व्यवस्था गरिएको छ ।

नयाँ नियमावलीले सरकारी निर्णय प्रक्रियामा हुने टिप्पणीको तह घटाएको छ । कागजी प्रक्रियाबाट टिप्पणी आदेश नउठाई डिजिटल प्रक्रियामार्फत गर्ने व्यवस्था नियमावलीमा गरिएको छ । एउटै विषयमा अनावश्यक रूपमा धेरै तह पार गर्नुपर्ने प्रक्रियालाई सीमित गर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी, नीतिगत विषयको निर्णय संघीय तहमा कसरी हुने भन्ने पनि स्पष्ट गरिएको छ । नयाँ नीति बनाउने, विद्यमान नीतिको परिमार्जन वा संशोधन गर्ने विषयमा निर्णय मन्त्रिपरिषद्बाट हुने व्यवस्था छ । कानुनबमोजिम अधिकार प्रत्यायोजन गरिएको अवस्थामा सम्बन्धित समिति, कार्यदल, मन्त्री वा पदाधिकारीले गरेको निर्णयलाई समेत सोही अधिकारको सीमाभित्र मन्त्रिपरिषद्को निर्णयसरह मानिने व्यवस्था राखिएको छ ।

**डिजिटल हस्ताक्षरको व्यवस्था**

नियमावलीले सार्वजनिक निकायमा निर्णय प्रक्रियामा सहभागी कर्मचारीका लागि आधिकारिक डिजिटल हस्ताक्षर सिर्जना गरिदिनुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक निकायका निर्णयलाई डिजिटल हस्ताक्षरबाट प्रमाणित गर्नुपर्ने र त्यसरी प्रमाणित निर्णयलाई कागजी हस्ताक्षरसरह मान्यता दिइनेछ । तर नियमावलीले एउटा महत्वपूर्ण अपवाद पनि राखेको छ– डिजिटल हस्ताक्षर नगरिएको कारण मात्र कुनै निर्णय अमान्य हुने छैन ।

यसले डिजिटल प्रणालीतर्फ संक्रमणको क्रममा निर्णयको कानुनी वैधता नै प्रभावित नहोस् भन्ने व्यवस्था गरेको देखिन्छ । एउटा कार्यालयबाट अर्को कार्यालयमा सूचना आदानप्रदान पनि डिजिटल मन्त्रालय, विभाग वा अन्य सार्वजनिक निकायबीच आवश्यक राय, सहमति तथा सूचना आदानप्रदान डिजिटल प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसले एउटै विषयमा विभिन्न कार्यालयबाट छुट्टाछुट्टै पत्राचार गर्दै समय खर्च हुने प्रक्रियालाई डिजिटल माध्यममा ल्याउने लक्ष्य राखेको छ । नयाँ व्यवस्थाले सेवाग्राहीलाई आफ्नो फाइलको अवस्थाबारे जानकारी लिन सक्ने प्रणालीको आधारसमेत तयार गरेको छ ।

सेवाग्राहीले अनलाइन, मोबाइल एप वा एसएमएसमार्फत प्राप्त हुने ट्र्याकिङ नम्बर प्रयोग गरेर आफ्नो फाइलको प्रगति हेर्न सक्ने व्यवस्था गरिएको छ । गुनासो समाधानको प्रगतिसमेत सेवाग्राहीले डिजिटल माध्यमबाट हेर्न सक्ने व्यवस्था नियमावलीमा समेटिएको छ ।

यससँगै एउटै प्रकृतिका सेवा एउटै निकाय वा मातहतका निकायबाट दिइने भए एकद्वार सेवा प्रणालीमार्फत सेवा प्रवाहको व्यवस्था मिलाउनुपर्नेछ । नियमावलीले निर्णय प्रक्रियामात्र होइन, कर्मचारीकोकार्यसम्पादनलाईपनिडिजिटल अनुगमनसँग जोडेको छ ।

प्रत्येक कर्मचारीले आफूले सम्पन्न गरेका कामको विवरण दैनिक रूपमा कार्यालयले तोकेको डिजिटल प्रणालीमार्फत कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ । लगातार तीन कार्यदिनसम्म दैनिक कार्यप्रगति पेश नगरे कार्यालय प्रमुखले सचेत गराउनुपर्नेछ । एक महिनाको अवधिमा तीन पटकसम्म सचेत गराउँदा पनि विवरण पेश नगरेमा सम्बन्धित कर्मचारीमाथि प्रचलित कानुनबमोजिम विभागीय कारबाहीका लागि अधिकारप्राप्त अधिकारीसमक्ष लेखी पठाउनुपर्ने व्यवस्था छ ।

यसका साथै नियमावलीले सरकारी कार्यालयको निर्णय प्रक्रियालाई मापन गर्न 'निर्णय ढिलाइ सूचकाङ्क' लागू गर्ने व्यवस्था गरेको छ । यसको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट एकीकृत ड्यासबोर्डमार्फत गरिनेछ । निर्णय प्रक्रियामा अनावश्यक ढिलाइ गर्ने वा जिम्मेवारी पूरा नगर्ने पदाधिकारीमाथि विभागीय कारबाही तथा कार्यसम्पादन मूल्याङ्कनमा अंक कटौतीको व्यवस्था गरिएको छ ।

**निर्णयमा एआई प्रयोग**

नयाँ नियमावलीले सरकारी निर्णय प्रक्रियामा कृत्रिम बुद्धिमत्ता (एआई) लाई सहायक उपकरणका रूपमा प्रयोग गर्न सकिने व्यवस्था पनि समेटेको छ । कानुन तथा पूर्ववर्ती नजिर खोजी, जोखिम विश्लेषण र टिप्पणीको प्रारम्भिक मस्यौदा तयार गर्न एआईको प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

तर एआईको प्रयोगले अन्तिम सरकारी निर्णय गर्ने अधिकारलाई विस्थापित गरेको होइन; निर्णय प्रक्रिया सम्बन्धित अधिकारी तथा कानुनी व्यवस्थाअनुसार नै अघि बढ्नेछ ।

## मोटरसाइकल दुर्घटनामा पूर्वसांसद दाहाल घाइते

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का नेता एवं पूर्वसांसद लेखनाथ दाहाल मोटरसाइकल दुर्घटनामा घाइते हुनुभएको छ । मंगलबार पार्टी कामका सिलसिलामा सिन्धुलीको मरिण गाउँपालिका जाँदा उहाँ दुर्घटनामा पर्नुभएको



हो । दाहालको सिन्धुली अस्पतालमा उपचार भइरहको छ । उहाँको दाहिने हातमा शल्यक्रिया भएको र अवस्था खतरामुक्त रहेको पार्टीका जिल्ला सहसंयोजक एवं गोलञ्जोर गाउँपालिकाका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

दाहालसँग मोटरसाइकल दुर्घटनामा पर्नुभएका सोही पार्टीका मरिण गाउँपालिका इन्चार्ज पदम अस्थानी मगर पनि घाइते हुनुभएको छ । सामान्य उपचारपछि उहाँ घर फर्किनुभएको छ । रासस

## रौतहट क्षेत्र नं. १ को अधिवेशन सम्पन्न




टुडे समाचारदाता

रौतहट । नेपाली कांग्रेस रौतहट क्षेत्र नम्बर १ को १५ औं क्षेत्रीय अधिवेशन मंगलबार सम्पन्न भएको छ । अधिवेशनको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री तथा नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले गरेका हुन् ।

अधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले मुलुक चुनौतीपूर्ण परिस्थितिबाट गुज्रिरहेको अवस्थामा कांग्रेसलाई संगठनात्मक रूपमा थप बलियो बनाउन नेता तथा कार्यकर्ता एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए ।

उनले पार्टी कमजोर हुनुमा बाह्य कारणभन्दा आन्तरिक असमझदारी, आपसी मनमुटाव र सहअस्तित्वको भावनामा आएको कमी प्रमुख कारण रहेको उल्लेख गर्दै विगतका कमजोरी सच्याएर संगठन निर्माणमा केन्द्रित हुनुपर्ने धारणा राखे । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीको संगठन निर्माणमा केन्द्रित हुनुपर्छ । स्थानीय तहदेखि हरेक क्षेत्रमा कांग्रेसको संगठनलाई मजबुत बनाउन सबै नेता-कार्यकर्ता एकढिक्का भएर अघि बढ्न आवश्यक छ मुख्यमन्त्री यादवले भने ।

उनले पार्टीभित्रका असमझदारी अन्त्य गर्दै संगठन सुदृढीकरणका लागि सबै तहका नेता तथा कार्यकर्ताले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । नेतृत्वलाई थप प्रभावकारी बनाउन युवा पुस्तालाई अवसर र जिम्मेवारी दिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य तथा मधेश प्रदेशका स्वास्थ्य मन्त्री नागेन्द्र साहले पार्टीको केन्द्रदेखि स्थानीय तहसम्म युवाको सहभागिता र नेतृत्व हस्तान्तरणलाई प्राथमिकता दिनुपर्ने बताए । उनले गुटगत आग्रह र आपसी मतभेदलाई पन्छाएर पार्टीको हितमा केन्द्रित हुन नेता-कार्यकर्तालाई आग्रह गरे । कांग्रेसकी प्रतिनिधिसभा सदस्य डा. शाहजहाँ खातुनले लामो समयसम्म एउटै व्यक्तिले पद ओगटिरहँदा संगठनमा नयाँ ऊर्जा र सोचको कमी हुनसक्ने बताउँदै सक्षम तथा नयाँ पुस्तालाई नेतृत्वमा अवसर दिनुपर्ने धारणा राखिन् ।

कार्यक्रममा नेपाल प्रेस युनियनका तर्फबाट पत्रकार प्रभातकुमार झाले पार्टीभित्रको अन्तरघात, परिवारवाद, नातावाद र कृपावादजस्ता प्रवृत्तिबाट माथि उठेर योग्य तथा सक्षम व्यक्तिलाई जिम्मेवारी दिनुपर्ने बताए ।

क्षेत्रीय सभापति श्रीराम यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा माधवनारायण नगरपालिकाका मेयर बैद्यनाथप्रसाद यादव, अरुण साह, गौर नगर सभापति मोहन यादव, चिरञ्जीवी सिंह, सन्तलाल साह, गजेन्द्र यादव, नेपाली कांग्रेस मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेशकुमार गुप्ता, मुख्यमन्त्रीको सचिवालय प्रमुख सन्तुप्रसाद यादव, युवा नेता प्रकाश सिंह, दिनेशप्रसाद केसरीलगायत कांग्रेसका नेता तथा कार्यकर्ताको सहभागिता थियो । अधिवेशनले क्षेत्रीय समिति, केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा प्रदेश प्रतिनिधि छनोटका लागि नेपाली कांग्रेस मधेश प्रदेश सभापति एवं मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई म्यान्डेट दिएको प्रचार-प्रसार विभागका सदस्य नितेशकुमार गुप्ताले जानकारी दिए । अधिवेशनमा संगठन सुदृढीकरण, नेतृत्व हस्तान्तरण, युवा सहभागिता र पार्टीभित्रको आन्तरिक एकतालाई प्रमुख एजेन्डाका रूपमा उठाइएको थियो ।

## बाढिपहिरोले यात्रु र यातायात व्यवसायी मार्कामा

टुडे समाचारदाता

जलेश्वर । बाढीपहिरोले सडक अवरुद्ध भएपछि संघीय राजधानी काठमाडौँ जाने यात्रु तथा यातायात व्यवसायी मर्कामा छन् । दैनिक लाखौँ रुपियाँ बराबरको क्षति बहोर्नु परेको यातायात व्यवसायीले बताएका छन् । सधैँ सवारीसाधनको चाप रहने बिपी राजमार्ग बाढीपहिरोका सवारी आवागमन बन्दले अहिले सुनसान बनेको छ ।



बर्दीबासस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयका निरीक्षक बाबुराम कार्कीका अनुसार चार दिनदेखि बिपी राजमार्गमा दुईतर्फी यातायात सञ्चालन हुन सकेको छैन । राजमार्गको खुर्कोट-भकुन्डेबेँसी खण्ड मंगलवार पनि बन्द थियो । बिपी राजमार्गमा असोज ९ देखि नियमित आवागमन ठप्प भएको हो ।

निरीक्षक कार्कीले भने, "अन्य राजमार्गसमेत अवरुद्ध हुँदा असोज ९ देखि मालवाहक ट्रक त गुडेकै छैनन् ।

आकस्मिक समस्याका दुईचार वटा साना सवारी मात्र हेटौँडा-सिस्नेरी-कुलेखानीको साँघुरो बाटो हुँदै काठमाडौँ छिरेका छन् । सवारी नचल्दा सबैलाई समस्या छ ।'

बिपी राजमार्ग हुँदै सप्तरीदेखि सर्लाहीसम्मका विभिन्न स्थानबाट काठमाडौँका लागि दैनिक करिब पाँच सय यात्रुवाहक सवारीसाधन सञ्चालन हुँदै आएका छन् । राजमार्ग बन्द भएपछि ती सबै सवारीसाधन थन्किएको यातायात व्यवसायीले बताएका छन् ।

बिपी यातायातका व्यवसायी सीताराम ढुङ्गेलका अनुसार बिपी राजमार्ग हुँदै काठमाडौँका लागि बर्दीबासबाट दैनिक १५० भन्दा बढी हायसलगायतका साना सवारीले सेवा दिँदै आएका छन् । उत्तिकै संख्याका सवारी काठमाडौँबाट पनि बर्दीबास झर्छन् ।

उनका अनुसार यी सवारीले दुईतर्फी गरी दैनिक करिब तीन हजार छ सय यात्रुलाई सेवा दिँदै आएका छन् । अहिले प्रतियात्रु करिब एक हजार रुपियाँ भाडा पर्छ । यो हिसाबले बिपी राजमार्गमा यात्रुवाहक सवारी सञ्चालन नहुँदा दैनिक ३६ लाख रुपियाँ बराबरको व्यावसायिक क्षति बेहोर्नु परेको छ ।

राजमार्ग बन्द हुँदा यातायात व्यवसायीलाई बैंकको ऋण तथा किस्ता तिर्नेदेखि चालक तथा कर्मचारीको पारिश्रमिक र परिवारको दैनिक खर्च व्यवस्थापन गर्नसमेत समस्या भएको ढुङ्गेलले बताए । उनले भने, "सवारी नै चल्न नसके यातायात व्यवसायीले बैङ्कको किस्ता कसरी तिर्ने ? चालकलाई के दिने अनि परिवार कसरी चलाउने ?"

सडकमार्ग अवरुद्ध हुँदा काठमाडौँमा अध्ययन गर्ने विद्यार्थी, व्यवसाय सञ्चालन गर्ने व्यवसायी तथा उपचारका लागि राजधानी जानुपर्ने बिरामी र आफन्तसमेत समस्यामा छन् । वैकल्पिक मार्ग हेटौँडा-सिस्नेरी-कुलेखानीसमेत साँघुरो र जोखिमपूर्ण भएकाले सवारी र यात्रु दुवै खतरामा पर्ने भएकाले सञ्चालन गर्ने अवस्था नरहेको बताउँछन् ।

## अख्तियारद्वारा १० जनामाथि आरोपपत्र दायर




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लमजुङको राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक शेखरनाथ न्यौपाने, तत्कालीन प्रशासकीय अधिकृत रामचन्द्र अधिकारीसहित १० जनाले आर्थिक हिनामिना गरेका भन्दै आज विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ ।

आयोगले सो नगरपालिकामा आव २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत कार्यक्रम सञ्चालनका लागि प्राप्त रु १६ लाख ७२ रकम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त सर्शत अनुदान रकम तोकिएको कुनै कार्यक्रम नगरी हिनामिना तथा हानीनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा आरोपपत्र दायर गरेको हो ।

आयोगले मिलेमतो गरेको भन्दै राइनास नगरपालिकाका तत्कालीन रोजगार संयोजक न्यौपाने, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अधिकारी, तत्कालीन लेखापाल नवीनकुमार बराल, वडा नं १ का तत्कालीन वडाध्यक्ष रमेश न्यौपाने, वडा नं ३ का तत्कालीन वडा सदस्य ओजराज पौडेल, वडा नं ४ का तत्कालीन वडाध्यक्ष जैमान गुरुङ, वडा नं ५ का तत्कालीन वडाध्यक्ष नन्दबहादुर कुमाल, वडा नं ६ का तत्कालीन वडाध्यक्ष रूकबहादुर तामाङ गुरुङ, वडा नं ८ का तत्कालीन वडाध्यक्ष कृष्णप्रसाद लामिछाने र वडा नं ७ का तत्कालीन वडाध्यक्ष माधवप्रसाद पराजुलीलाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा फरकफरक बिगो कायम गरी कैद सजाय र बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर हुन माग दाबी गरिएको बताउनुभयो । रासस

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८३/०५/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : ध्रुव कुमार मण्डल**
**सिम्बोल नं.: २१७०३८२४**
**रजिष्ट्रेशन नं.: ७७१७२८०१९**
**ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा., वार्ड नं. १८, भोइल**
**मो.नं. ९७६७६५३९२३**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** प्राविधिक र सृजनात्मक सफलता मिल्नेछ ।
**वृष :** चुनौतीका बाबजुद नसोचेको काम बन्न सक्छ । धैर्यले काम लिने समय छ ।
**मिथुन :** नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन ।
**कर्कट :** नयाँ काममा हात हाल्ने समय छ ।
**सिंह :** आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो ।
**कन्या :** परिश्रम अनुसार उपलब्धि पनि राम्रै पाइएला ।
**तुला :** मिहिनेत आफुले गर्नुपर्ने तर जस अर्कैले पाउने कमजोर दिन छ ।
**वृश्चिक :** पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ ।
**धनु :** परिवारजनको साथले नयाँ आशा पलाउनेछ ।
**मकर :** दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ ।
**कुम्भ:** संकटको सामना गर्दै उपलब्धी हासिल गर्नुपर्नेछ ।
**मीन:** व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पत्रकारविरुद्ध सामाजिक सञ्जालमा जथाभावी लेख्ने आरोपमा एक पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । पत्रकारको अनुमतिबिना भिडियो प्रयोग र महिला तथा अन्य पत्रकारको प्रतिष्ठामा आँच पुग्ने गरी सामाजिक सञ्जालमा लेख्ने आरोपमा धनुषा प्रहरीले एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-२४ का ३६ वर्षीय दीपक श्रेष्ठ मण्डल रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । सामाजिक सञ्जालमा 'डीएस मण्डल' नामबाट सामग्री सार्वजनिक गर्दै आएका उनलाई जनकपुरधामस्थित एक होटलबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

धनुषाका प्रहरी उपरीक्षक रुपेश श्रेष्ठले मण्डल पक्राउ परेको पुष्टि गरेका छन् । उनका अनुसार मण्डलविरुद्ध विद्युतीय कारोबारसम्बन्धी कसुरमा उजुरी परेपछि अनुसन्धानका लागि अदालतबाट पक्राउ पुर्जी लिएर उनलाई नियन्त्रणमा लिइएको हो ।

विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत कारबाहीको माग गर्दै भदौ २४ गते जनकपुरधाम उपमहानगरपालिकाकीएकपत्रकारले मण्डलविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएकी थिइन् ।

जाहेरीमा मण्डलले सञ्चालन गर्ने फेसबुक अकाउन्टबाट आफ्नो अनुमतिबिना भिडियो प्रयोग गरी व्यक्तिगत तथा व्यवसायिक प्रतिष्ठामा आँच पुर्याउने, चरित्र हत्या तथा मानहानि हुने किसिमका सामग्री पटकपटक सार्वजनिक गरेको आरोप लगाइएको छ।

जाहेरीकर्ताले सामाजिक सञ्जालमा प्रकाशित सामग्रीमार्फत आफ्नो पत्रकारिताको सत्यता, नैतिकता तथा पेशागत आचरणमाथि प्रश्न उठाउने, व्यंग्य गर्ने र सर्वसाधारणमा आफ्नो पेशागत विश्वसनीयताप्रति नकारात्मक धारणा सिर्जना गर्ने प्रयास गरिएको दाबी गरेकी छन् ।

जाहेरीमा मण्डलले आफूलाई मात्र नभई समग्र पत्रकार तथा पत्रकारिता क्षेत्रलाई लक्षित गरी विभिन्न आपत्तिजनक शब्द तथा अभिव्यक्ति प्रयोग गर्दै आएको आरोप लगाइएको छ । जाहेरीमा 'बिकाउ कलम', 'स्वार्थको पहेरदारी' जस्ता शब्द प्रयोग गरी पत्रकारहरूको पेशागत मर्यादा र प्रतिष्ठामाथि प्रश्न उठाउने सामग्री सामाजिक सञ्जालमा निरन्तर पोस्ट गर्ने गरिएको उल्लेख छ।

त्यस्तै, 'जनकपुरधाममा केही बिकाउ कलम फेरि सक्रिय!' जस्ता शीर्षकमा सामग्री सार्वजनिक गरी पत्रकारिता र पत्रकारहरूको निष्ठामाथि सार्वजनिक रूपमा प्रश्न उठाइएको जाहेरीमा दाबी गरिएको छ।

जाहेरीकर्ताका अनुसार यस्ता सामग्रीले पत्रकारिताको आलोचना गर्ने सामान्य अधिकारको सीमाभन्दा बाहिर गएर व्यक्तिगत तथा पेशागत प्रतिष्ठामाथि असर पार्ने किसिमको सामग्री सार्वजनिक गरेको आरोप छ।

जाहेरीमा महिला पत्रकार हरूलाई समेत सामाजिक सञ्जालमार्फत लक्षित गरिएको आरोप लगाइएको छ।

महिला पत्रकारहरूको व्यक्तिगत विषयलाई पत्रकारितासँग जोडेर सामाजिक सञ्जालमा प्रस्तुत गर्ने, व्यंग्य गर्ने तथा बदनाम हुने किसिमका अभिव्यक्ति सार्वजनिक गरिएको दाबी जाहेरीमा गरिएको छ।

जाहेरीकर्ताले पत्रकारको व्यक्तिगत जीवन तथा निजी विषयलाई अनावश्यक रूपमा सार्वजनिक गर्दै त्यसलाई पेशागत पहिचानसँग जोडेर प्रस्तुत गर्दा महिला पत्रकारहरूको सामाजिक तथा व्यावसायिक प्रतिष्ठामा समेत असर पर्न सक्ने उल्लेख गरेकी छन् ।

जाहेरीमा फेसबुक पोस्टमार्फत आफूलाई बदनाम गर्ने, समाजमा आफ्नो बारेमा नकारात्मक धारणा फैलाउने तथा विद्युतीय सञ्चार माध्यमको दुरुपयोग गर्ने कार्य भएको आरोप लगाइएको छ।

जाहेरीकर्ताले मण्डलको गतिविधि विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अन्तर्गत दण्डनीय कसुर भएको दाबी गर्दै कानुनबमोजिम कारबाहीको माग गरेकी थिइन् ।

# नेपालमा बालबालिका बेचबिखनको जोखिमबारे अध्ययन सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा बालबालिका बेचबिखनसम्बन्धी प्रारम्भिक अध्ययनको प्रतिवेदन एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ।

जनकपुरधाममा मंगलबार द एशिया फाउन्डेसनले न्यू एरा र शक्ति समूहसँगको सहकार्यमा तीन वर्ष लगाएर गरेको अध्ययनले जोखिममा रहेका तथा सीमान्तकृत परिवारका बालबालिका मानव बेचबिखन, विशेषगरी सीमापार बेचबिखन तथा जबरजस्ती श्रमको उच्च जोखिममा रहेको देखाएको छ।

गरिबी, ऋण, पारिवारिक विघटन, हिंसा, शिक्षाको अभाव तथा रोजगारीका लागि हुने बसाइँसराइ बालबालिका बेचबिखनको जोखिम बढाउने प्रमुख कारणका रूपमा अध्ययनले औँल्याएको छ। कतिपय परिवार तथा १० वर्षसम्मका बालबालिकासमेत जीविकोपार्जनका लागि अनौपचारिक क्षेत्रमा काम गर्न बाध्य हुने र त्यस्ता क्षेत्रमा उनीहरू विभिन्न प्रकारका शोषण तथा दुर्व्यवहारको जोखिममा पर्ने प्रतिवेदनमा उल्लेख छ।

अध्ययनले बालबालिका संगठित सञ्जाल वा अपरिचित व्यक्तिमार्फत मात्र नभइ साथीभाई, परिवारका सदस्य तथा आफूले चिनेका र विश्वास गरेका व्यक्तिमार्फत समेत बेचबिखनको जोखिममा पर्ने गरेको देखाएको छ। सीमापार बेचबिखन, मनोरञ्जन क्षेत्र तथा इँटाभट्टा, गलैँचा, तयारी पोसाक, जरी उत्पादन र घरेलु काममा हुने जबरजस्ती बालश्रमलाई अध्ययनले प्रमुख क्षेत्रका रूपमा समेटेको छ।

सो प्रतिवेदन अनुसार बेचबिखन तथा जबरजस्ती श्रमका असर उद्धार र पुनःस्थापनापछि पनि लामो समयसम्म रहन सक्छन् । त्यसैले प्रभावित बालबालिकाका लागि तत्कालीन उद्धार तथा पुनःस्थापनासँगै निरन्तर र दीर्घकालीन सहयोग आवश्यक रहेको अध्ययनले निष्कर्ष निकालेको छ।

त्यस्तै, बेचबिखनबाट प्रभावित तथा पीडित बालबालिकाको न्यायमा पहुँच सुधार



गर्न र न्यायिक प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न थप बालमैत्री तथा प्रभावितमैत्री संयन्त्र आवश्यक रहेको सहभागीहरूले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाको राज्य विभागअन्तर्गत मानव बेचबिखन अनुगमन तथा नियन्त्रणसम्बन्धी कार्यालयको आर्थिक सहयोगमा सञ्चालन गरिएको परियोजनाको उद्देश्य जोखिममा रहेका बालबालिकाका लागि प्रभावकारी, सांस्कृतिक रूपमा उपयुक्त र उनीहरूको आवश्यकताप्रति उत्तरदायी हस्तक्षेप निर्माण गर्न आवश्यक तथ्यांक तथा प्रमाण जुटाउनु रहेको थियो।

बहुचरणीय प्रारम्भिक अध्ययनमा मिश्रित अनुसन्धान विधि प्रयोग गरिएको थियो । गुणात्मक तथा परिमाणात्मक अध्ययनमार्फत बालबालिका बेचबिखन तथा जबरजस्ती श्रममा पर्न योगदान गर्ने कारक, शोषणका क्रममा भोगेका अनुभव तथा पुनःएकीकरणका मार्गबारे ६५४ जना प्रभावित व्यक्तिबाट जानकारी संकलन गरिएको थियो।

सो कार्यक्रममा न्यू एराका अनुसन्धान साझेदार डा. जीवन बानियाँ र सचिन श्रेष्ठले अध्ययनका प्रमुख निष्कर्ष प्रस्तुत गरेका थिए। उनीहरूले बालबालिका बेचबिखन तथा जबर जस्ती बालश्रमसम्बन्धी विद्यमान अनुसन्धानमा रहेका ज्ञानका खाडललाई अध्ययनले सम्बोधन गर्न सहयोग गर्ने बताए। यसका साथै, प्रभावित तथा पीडित व्यक्तिका अनुभव र सरोकारवालाको दृष्टिकोणमा आधारित सिफारिससमेत प्रस्तुत गरिएको थियो।

सो कार्यक्रममा शक्ति समूहका देवकी केसीले सहजीकरण गरेकी थिइन् भने शक्ति समूहकी संस्थापक सदस्य चरिमाया तामाङले सहभागीलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिएकी थिइन् । कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाकी उपसभापति संगीता ठाकुर, प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रोशन खड्का, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक भीमबहादुर बिष्ट, राष्ट्रिय योजना आयोगका अशोककुमार मेहता तथा जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरी साहलगायतको सहभागिता रहेको थियो।

# जसपा रौतहट अध्यक्ष यादवले दिए राजीनामा

**टुडे समाचारदाता**

रौतहट । जनता समाजवादी पार्टी (जसपा) नेपालका पूर्व रौतहट जिल्ला अध्यक्ष श्याम बिहारी यादवले पार्टी परित्याग गरेका छन् ।

मंगलबार यादवले साधारण सदस्यसहित पार्टीमा आफूले सम्हाल्दै आएका सम्पूर्ण जिम्मेवारीबाट अलग भएको घोषणा गरेका हुन् । पार्टी नेतृत्वको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै उनले पछिल्लो समय पार्टीमा कार्यकर्तालाई 'दास र नोकर'को जस्तो व्यवहार गर्ने प्रवृत्ति बढ्दै गएको आरोप लगाएका छन् ।

पार्टीको नीति, नियम, विधान र सिद्धान्तविपरीत गतिविधि हुँदै गएको भन्दै आफू बाध्य भएर पार्टीबाट अलग हुने निर्णयमा पुगेको यादवले बताएका छन् ।

यादवले पार्टी परित्याग गरेपनि अब कसरी अघि बढ्ने भन्नेबारे भने केही खुलाएका छैनन् । यादव उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम नेपालदेखि नै आबद्ध थिए । मधेश आन्दोलनमा समेत उनले सक्रिय भूमिका निर्वाह गर्दै पार्टी संगठन विस्तरमा जोड दिदैं आएका थिए ।

श्रोतका अनुसार पार्टीमा वर्षौ लगानी गरेपनि आजसम्म उनले कुनै राजनीति फाइदा नपाएपछि बाध्य भएर पार्टी परित्याग गरेको हो । पार्टीमा गरेको लगानीप्रति नेतृत्ववर्गले चासो नलिएपछि उनले राजनीनामा दिने अवस्थामा पुगेको श्रोतको भनाई छ ।

# लक्ष्मीनियाँमा रास्वपाको पाँचबुँदे ध्यानाकर्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय तहमा देखिएका विभिन्न समस्या समाधानका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लक्ष्मीनियाँ गाउँपालिका समितिले ध्यानाकर्षण गराएको छ।

मंगलबार गाउँपालिकामा पुगेर रास्वपाका स्थानीय नेताहरूले सरसफाइ, सडक, स्वास्थ्य, पशु सेवा र शिक्षा क्षेत्रसँग सम्बन्धित विषय समेटिएको पाँचबुँदे ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

लक्ष्मीनियाँ गाउँपालिका सभापति कमलेश यादवको नेतृत्वमा गएको टोलीले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिथिलेश ठाकुरलाई ध्यानाकर्षण पत्र बुझाएको थियो। चाडपर्व नजिकिँदै गर्दा बजार क्षेत्र, मठमन्दिर तथा सार्वजनिक स्थलमा सरसफाइ अभियान सञ्चालन गर्नुपर्ने, बिग्रिएका तथा खाल्डाखुल्डी परेका सडक तत्काल मर्मत गरी आवागमन सहज बनाउनुपर्ने माग रास्वपाले अघि सारेको छ।

त्यसैगरी गाउँपालिकाअन्तर्गतका स्वास्थ्य चौकीमा प्रभावकारी सेवा उपलब्ध गराउनुका साथै आवश्यक औषधिको पर्याप्त व्यवस्था गर्नुपर्ने, पशु सेवासम्बन्धी सुविधा प्रभावकारी बनाउनुपर्ने तथा विद्यालयमा नियमित र गुणस्तरीय पठनपाठन सुनिश्चित गर्नुपर्ने विषयमा पनि पालिकाको ध्यानाकर्षण गराइएको छ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत ठाकुरले उठाइएका विषयप्रति गम्भीर ध्यान गएको जनाउँदै सम्बन्धित शाखा तथा फाँटलाई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन दिएका छन्। कार्यक्रममा रास्वपाका गाउँपालिका तथा विभिन्न वडा तहका नेता-कार्यकर्ताको सहभागिता थियो ।

यसैबीच, रास्वपाले मंगलबार नै लक्ष्मीनियाँ गाउँपालिका-४ को वडा समिति समेत विस्तार गरी पूर्णता दिएको जनाएको छ । गाउँपालिका तहका नेताहरूको उपस्थितिमा वडा समितिलाई पूर्णता दिइएको हो ।

त्यसै अवसरमा लक्ष्मीनियाँ गाउँपालिका-७ कुम्हरौडाका सुदीप झा रास्वपामा प्रवेश गरेका छन्। हिन्दु सम्राट सेनासँग आबद्ध रहेका झालाई रास्वपाका जिल्ला सभापति लक्ष्मेश्वर यादवले अबिर लगाएर पार्टीमा स्वागत गरेका थिए। पछिल्ला गतिविधिसँगै रास्वपाले लक्ष्मीनियाँ गाउँपालिकामा संगठन विस्तारसँगै स्थानीय सरोकारका विषयलाई समेत प्राथमिकतामा राखेर आफ्नो गतिविधि अघि बढाएको जनाएको छ।

# धनुषाबाट फरार ७ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न अपराधिक मुद्दामा अदालतबाट कैद तथा जरिवानाको फैसला भई फरार रहेका सात जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला अदालत धनुषाबाट विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका उनीहरूलाई जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहतका प्रहरी कार्यालयबाट परिचालित टोलीले खोजतलास गरी पक्राउ गरेका हुन् ।

पक्राउ पर्नेहरूविरुद्ध संगठित अपराध, लागुऔषध र चेक अनादरसम्बन्धी मुद्दामा अदालतबाट फैसला भएको थियो । फैसला कार्यान्वयनका क्रममा पक्राउ गरिएका उनीहरूलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेका सात जनामध्ये दुई जनालाई संगठित अपराध मुद्दामा जनही एक वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना तोकिएको थियो। उनीहरू सजाय र जरिवानाबाट जोगिन




फरार रहदै आएका थिए। पक्राउ पर्नेमध्येमा लागुऔषधसम्बन्धी मुद्दामा एक जनालाई एक वर्ष तीन महिना कैद तथा २० हजार रुपैयाँ जरिवाना तोकिएको थियो । सोही प्रकृतिको अर्को मुद्दामा एक जनालाई दुई महिना कैद र अर्का एक जनालाई एक महिना कैद सजाय तोकिएको थियो।

यस्तै लागुऔषधकै अर्को मुद्दामा पनि एक महिनाको कैद सजाय तोकिएको व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ। त्यसैगरी चेक अनादर मुद्दामा अदालतबाट एक हजार रुपैयाँ जरिवाना तोकिएका एक जना फरार प्रतिवादी पनि पक्राउ परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले बताएका छन् । उनका अनुसार अदालतबाट सजाय तोकिएपछि फरार रहेका व्यक्तिहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको छ । अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रहरी टोलीले विभिन्न स्थानमा खोजतलास तथा आवश्यक समन्वय गर्दै आएको उनको भनाई छ।

पक्राउ परेका सातै जनालाई अदालतको फैसला कार्यान्वयन तथा आवश्यक कानुनी प्रक्रियाका लागि धनुषा जिल्ला अदालतमा बुझाइएको डिएसपी खनालले जानकारी दिएका छन् । अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएर फरार रहेका व्यक्तिहरूलाई खोजी गरी पक्राउ गर्ने कार्य जारी रहेको जानकारी समेत उनले दिएका छन् ।

# ११ बैंकिङ कसुरको फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । बैंकिङ कसुरसहित ११ वटा मुद्दामा अदालतबाट कैद तथा ६६ लाख ८२ हजार ५ सय रुपैयाँ जरिवाना तोकिएपछि फरार रहेका रौतहटका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा गरुडा नगरपालिका-७ भिमहावर निवासी ठेकदार दयाराम प्रसाद साह रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार देवेन्द्र कुमार कर्णसहित ११ जनाले छुट्टाछुट्टै दिएको जाहेरीका आधारमा साहविरुद्ध बैंकिङ कसुरलगायत ११ वटा मुद्दा दर्ता भएका थिए।

ती मुद्दामा रौतहट जिल्ला अदालतले साहलाई ३ महिना १५ दिन कैद र ६६ लाख ८२ हजार ५ सय रुपैयाँ जरिवाना तोकेको थियो। अदालतको फैसला कार्यान्वयन हुनुअघि नै फरार रहेका साहलाई प्रहरीले मंगलबार पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकरप्रसाद आचार्यको नेतृत्वमा खटिएको प्रहरी टोलीले साहलाई गरुडा-७ भिमहावरबाट पक्राउ गरेको प्रहरीले जनाएको छ।

पक्राउपछि साहलाई अदालतमा उपस्थित गराइएको थियो। अदालतको आदेशअनुसार कैद सजाय भुक्तान तथा जरिवाना असुलउपरका लागि उनलाई कारागार कार्यालय रौतहट, गौर पठाइएको डीएसपी गौतमले जानकारी दिएका छन्। निर्माण व्यावसायी साह लामो समय देखि लुकिछिपी बस्दै आएका थिए।


**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल**

**सच्चाइएको सूचना**

यस प्रतिष्ठानका लागि मिति २०८३/०६/१३ जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ३ मा जनशक्ति आपुर्ति सम्बन्धी बोलपत्र आहवानको प्रकाशित सूचनामा सि.नं. १ र २ मा क्रमशः ठेक्का नं. MIHS /NCB/SG/2083-84/01 र MIHS/NCB/CL/2083-84/02 हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्चाइएकोले यो सूचना प्रकाशित गरिएको छ।






**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल**

**किताब खरिद सम्बन्धी बोलपत्र आहवानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१४ गते)

यस प्रतिष्ठानका लागि किताब सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले उक्त किताबहरु आपुर्ति गर्न ईच्छुक इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी सप्लायर्सले रीतपुर्वकको सिलबन्दी बोलपत्र यस मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा निर्धारित समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरीएको व्यहोरा जानकारी गराइन्छ। साथै बोलपत्र सम्बन्धि कागजात (हार्ड कपी) तथा थप जानकारी आवश्यक परे कार्यालय खुलेको समय भित्र यस कार्यालयबाट प्राप्त गर्न सकिन्छ। विस्तृत सुचना यस प्रतिष्ठानको Website: www.mihs.edu.np बाट हेर्न सकिन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति | बोलपत्र फारम खुल्ने मिति | बोलपत्र जमानत रकम रु | बोलपत्र खरिद रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | MIHS /NCB/ GOODS/2083-84/03 | किताब खरिद | २०८३।०७।११ | २०८३।०७।१२ दिनको १२ बजे सम्म | २०८३।०७।१२ दिनको २ बजे | १,००,००० | ३,००० |

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**जनकपुरधाम, धनुषा**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# महँगीलाई नियन्त्रण गर

देशमा भोटेकोशीमा आएको बिनाशकारी बाढीपछि महँगी अत्यधिक बढेको छ। घरायशी सामग्रीको मूल्यमा भारी वृद्धि हुँदा त्यसको तत्काल प्रभाव हरेक चुल्होसम्म पुगेको छ। समानको गुणस्तर र मूल्य नियन्त्रण गर्न सरकारले विशेष ध्यान दिनुपर्नेछ । तर ग्यास, पेट्रोलियम पदार्थ, चिनी, तरकारी, तेल, मसला लगायतका हरेक सामग्रीको मूल्य वृद्धि भएको छ। बजारमा वस्तुको मूल्य अनियन्त्रित भएको छ। केही दिन भित्रै हिन्दूहरुको ठूला चाड, तिहारहरु आउन लागेको छ। शीरमा चाडवाड र अगाडि चर्को मूल्य रहेकोले अधिकांश घरबाट मानिसहरु बजार जान छाडेका छन् । बजारमा महँगी अनियन्त्रित भएको छ । बाढीको कारण चीनबाट आउने मालसमानहरु आउन सकेको छैन । चिनिया मालसमान नआउँदा व्यवसायीहरुलाई सास्ती छ । तर त्यो भन्दा ठूलो संकटमा उपभोक्ताहरु छन् । मूल्य वृद्धिले गम्भीर समस्या उत्पन्न भएको छ । मूल्यवृद्धि उपभोग्य वस्तुमा बढ्नुको कारण पेट्रोलियम पदार्थको मूल्य वृद्धि र आपूर्तिको सन्तुलन बिग्रनु प्रमुख हो । आपूर्ति व्यवस्था सहज हुन चाडपर्वसम्म कठिन नै छ। बाढीले निम्त्याएको विनाशलाई पूनर्निर्माण गर्न समय लाग्नु अस्वभाविक होइन । सबै नदीमा बेली ब्रिज जडान गर्न कठिनाइ पनि छ। पुल बनाउन समय पनि लाग्ने छ। उपभोग्य वस्तुहरुको आपूर्तिलाई भारत तर्फबाट सहज बनाउन सकिन्छ । भारतबाट चिनी अयात गरी त्यसको मूल्यलाई सन्तुलित बनाउन सकिन्छ । भारतबाट सरकारले चिनी लगायतका आवश्यक उपभोग्य वस्तुहरुको अयातमा भन्सार लगायतका करहरुमा छुट दिएर आमउपभोक्तालाई सहुलियत दिन सक्छ । सरकारले सर्वसधारणको हितलाई दृष्टिगत गरी मूल्य नियन्त्रणमा ध्यान दिन आवश्यक छ। नेपालमा हुने अयात मध्ये दैनिक उपभोग्य सामग्रीको हिस्सा पनि ठूलो छ। सरकारले ठूला पर्वतिहारको बेला उपभोक्ताको हितलाई ध्यान दिनै पर्छ। हुन त हरेक समयमा उपभोक्ताको हितलाई सरकारले प्राथमिकतामा राख्नु पर्छ। मूल्य वृद्धि सरकारको नियन्त्रणभन्दा बाहिर गएको छ। मूल्य वृद्धिकै कारण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी यादव बर्खास्त भएको धेरै भएको छैन। तर मन्त्री फेरिएर पनि उपभोक्ताले राहत पाएको छैन । उपभोक्तालाई राहत दिन सरकारले ठोस कार्यक्रमहरु ल्याउनु पर्छ। अहिले पनि ग्यास लगायतको धेरै वस्तुहरुको आपूर्ति सहज हुन सकेको छैन । सरकारले सीमा क्षेत्रमा समेत कडाइ गरेको छ। त्यसले घरायसी प्रयोजनका लागि सीमावर्ती भारतीय बजारबाट उपभोक्ताहरुले सोझै ल्याउने दैनिक उपभोग्य सामग्रीमा समेत रोक लगाइएको छ। त्यसले महँगीलाई झन् बढाएको छ। उपभोक्ताहरुलाई सहज ढंगले घरायसी समानहरु ल्याउन दिए केही सहज हुन सक्छ । सरकारले त्यसमा केही ढिलाइ गर्न आवश्यक छ । पर्व, तिहारमा आवश्यक सामानहरु सहज ढंगले सुलभ मूल्यमा उपलब्ध गराउन नसके सरकारको आलोचना बढ्ने छ।

## जलवायु परिवर्तन, जलवायु न्याय र घरपझोङ सम्मेलनः

# स्थानीय आवाजदेखि राष्ट्रिय एजेन्डासम्म



● डा दामोदर रेग्मी

जलवायु परिवर्तन आज मानव सभ्यताले सामना गरिरहेको जटिल, बहुआयामिक र दीर्घकालीन चुनौतीमध्ये एक हो। यो केवल वातावरणीय समस्या होइन; कृषि, खाद्य सुरक्षा, पानी, स्वास्थ्य, अर्थतन्त्र, रोजगारी, पूर्वाधार, गरिबी, मानव सुरक्षा र भावी पुस्ताको भविष्यसँग जोडिएको विकासको प्रश्न हो। औद्योगिक क्रान्तिपछि जीवाश्म इन्धनको व्यापक प्रयोग, तीव्र औद्योगिकीकरण, वन विनास, अनियन्त्रित सहरीकरण र प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण हरितगृह ग्यासको उत्सर्जन बढ्दै जाँदा पृथ्वीको तापक्रम वृद्धि भएको छ । परिणामस्वरूप हिमनदी पग्लने, हिमताल विस्फोटको जोखिम बढ्ने, वर्षाको स्वरूपमा परिवर्तन, बाढी, पहिरो, खडेरी, डढेलो तथा अन्य चरम मौसमी घटनाहरूको जोखिम बढिरहेको छ।

जलवायु परिवर्तनको गम्भीरता बढ्दै गएसँगै यसको न्यूनीकरण र अनुकूलनका लागि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास भएका छन्। संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, क्योटो प्रोटोकल र सन् २०१५ को पेरिस सम्झौताले विश्वव्यापी जलवायु शासनको आधार निर्माण गरेका छन् । पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा निकै तल राख्ने तथा सम्भव भएसम्म १.५ डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्यलाई स्थापित गरेको छ । राष्ट्रिय रूपमा निर्धारित योगदान, जलवायु विज्ञानसम्बन्धी अनुसन्धान, पूर्वचेतावनी प्रणाली, अनुकूलन, नवीकरणीय ऊर्जा र हरित प्रविधिको विकासले पनि समाधानका नयाँ सम्भावना सिर्जना गरेका छन् ।

औद्योगिक क्रान्तिपछि हरितगृह ग्यास उत्सर्जनमा भएको तीव्र वृद्धिले पृथ्वीको तापक्रम बढाउँदै लगेको छ । यसको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि विगत केही दशकदेखि अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा विभिन्न प्रयास हुँदै आएका छन् । पेरिस सम्झौता, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि तथा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलजस्ता पहलले जलवायु परिवर्तनलाई विश्वव्यापी नीति र विकासको केन्द्रमा ल्याउन महत्वपूर्ण योगदान गरेका छन् ।

जलवायु परिवर्तन नियन्त्रणका क्षेत्रमा भएका प्रयासबाट केही महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन् । नवीकरणीय ऊर्जाको विकास र प्रयोग विस्तार भएको छ, ऊर्जा दक्षता तथा विद्युतीय यातायाततर्फ विश्वको ध्यान बढेको छ, वन संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम अघि बढेका छन् र धेरै देशले कार्बन उत्सर्जन घटाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेका छन् । जलवायु परिवर्तनसम्बन्धी जोखिम, अनुकूलन र विपद् व्यवस्थापनलाई विकास योजनासँग जोड्ने अभ्यास पनि बढेको छ। निजी क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र युवाको सहभागिता विस्तार हुनु अर्को सकारात्मक उपलब्धि हो।

यी प्रयासबाट उपलब्धिहरू पनि हासिल भएका छन् । सौर्य, वायु, जलविद्युत्लगायत नवीकरणीय ऊर्जाको प्रयोग विस्तार भएको छ । विद्युतीय यातायात, ऊर्जा दक्ष प्रविधि, हरित भवन, स्वच्छ उत्पादन प्रणाली र कम-कार्बन अर्थतन्त्रको अवधारणा अघि बढेको छ । वन संरक्षण, वृक्षरोपण, जलाधार संरक्षण, जलवायु-स्मार्ट कृषि तथा अनुकूलनका कार्यक्रम विस्तार भएका छन् । जलवायु परिवर्तनलाई सार्वजनिक नीति र विकास योजनाको अभिन्न विषयका रूपमा हेर्ने क्रम बढेको छ भने नागरिक समाज, युवा, निजी क्षेत्र र स्थानीय समुदायको सहभागिता पनि विस्तार भएको छ। यति प्रयासहरू हुदाँहुँदै पनि विश्वव्यापी तापक्रम वृद्धि नियन्त्रण गर्न आवश्यक गतिमा उत्सर्जन घट्न सकेको छैन र जीवाश्म इन्धनमा निर्भरता अझै ठूलो छ । जलवायु परिवर्तनका प्रभाव तीव्र हुँदै जाँदा प्रतिबद्धता र कार्यान्वयनबीचको अन्तर अझै चुनौतीका रूपमा रहेको छ । यही कारण जलवायु परिवर्तनलाई केवल उत्सर्जन न्यूनीकरणको प्राविधिक विषयका रूपमा होइन, न्यायको विषयका रूपमा पनि हेर्नुपर्ने आवश्यकता बढेको हो ।

जलवायु परिवर्तनको सबैभन्दा महत्त्वपूर्ण पक्ष यसको असमानता हो। सबै देश र समुदायले जलवायु परिवर्तनमा समान योगदान गरेका छैनन् र यसको असर पनि सबैले समान रूपमा भोगिरहेका छैनन्। ऐतिहासिक रूपमा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने औद्योगिक तथा विकसित मुलुकको तुलनामा नेपालजस्ता न्यून उत्सर्जन गर्ने देशले जलवायु परिवर्तनको असमान रूपमा ठूलो असर व्यहोर्नुपरेको छ। हिमाली क्षेत्रमा हिमनदी पग्लनु, हिमताल विस्फोटको जोखिम, अनियमित वर्षा, बाढी, पहिरो, खडेरी तथा कृषि उत्पादनमा आउने परिवर्तनले स्थानीय समुदाय र जोखिममा रहेका वर्गलाई प्रत्यक्ष प्रभावित गरिरहेका छन्।

जलवायु न्यायको प्रश्न केवल 'उत्सर्जन कसरी घटाउने ?' भन्ने प्रश्न होइन। यसको अर्को महत्वपूर्ण प्रश्न हो- जसले बढी उत्सर्जन गरे, उनीहरूले बढी जिम्मेवारी कसरी वहन गर्ने र जसले कम योगदान गरे तर बढी क्षति व्यहोरे, उनीहरूलाई वित्त, प्रविधि, क्षमता र आवश्यक सहयोग कसरी उपलब्ध गराउने भन्ने विषय प्राथमिक हो । यही सन्दर्भमा साझा तर विभेदित जिम्मेवारी, समानता, अन्तरपुस्तीय न्याय, क्षति तथा नोक्सानीको सम्बोधन, जलवायु वित्तमा पहुँच र प्रविधि हस्तान्तरण महत्त्वपूर्ण हुन्छन् । जलवायु परिवर्तनका कारण भएको क्षति तथा नोक्सानीलाई अन्तरराष्ट्रिय रूपमा स्वीकार गर्दै वित्तीय संयन्त्र विकास हुनु सकारात्मक कदम भए पनि त्यसको प्रभावकारी कार्यान्वयन र पर्याप्त स्रोत परिचालन अझै आवश्यक छ।

नेपालको सन्दर्भमा जलवायु न्यायको अर्थ हिमाल, पहाड र तराईका फरक-फरक जोखिमलाई सम्बोधन गर्नुमात्र होइन; जलवायु नीति र कार्यक्रमलाई कृषि, ऊर्जा, वन, पर्यटन, स्वास्थ्य, पूर्वाधार, वित्तीय प्रणाली, सङ्घीय शासन र स्थानीय विकाससँग जोड्नु पनि हो । महिला, युवा, किसान, विपन्न समुदाय, आदिवासी जनजाति तथा प्राकृतिक स्रोतमा निर्भर समुदायको आवाज र सहभागितालाई जलवायु शासनको केन्द्रमा राख्नु आवश्यक छ । जलवायु परिवर्तनविरुद्धको सङ्घर्षलाई केवल 'हरित विकास' मा सीमित नराखी 'न्यायपूर्ण हरित विकास'मा रूपान्तरण गर्नुपर्ने आवश्यकता देखिन्छ । जलवायु नीतिको सफलता उत्सर्जन घटेको तथ्याङ्कबाट मात्र होइन, कति मानिस सुरक्षित भए, कति समुदायको जीवनयापन जोगियो र स्रोत तथा अवसरको वितरण कति न्यायपूर्ण भयो भन्ने आधारमा पनि मूल्याङ्कन हुनुपर्छ।

### हिमाली संवेदनशीलता र स्थानीय शासन

नेपाल जलवायु परिवर्तनका दृष्टिले विशेष संवेदनशील मुलुक हो । हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनका प्रभाव फरक-फरक रूपमा देखिन्छन् । हिमनदी र हिमतालसँग जोडिएका जोखिमदेखि पहाडी क्षेत्रमा पहिरो, पानीका मुहान सुक्ने समस्या तथा तराईमा बाढी र अत्यधिक गर्मीका घटनासम्म जलवायु परिवर्तनले जीवन र अर्थतन्त्रलाई प्रभावित गरिरहेको छ। हिमालयको महत्व नेपालमा मात्र सीमित छैन; यसको पारिस्थितिक प्रणाली पानी, कृषि, ऊर्जा, जैविक विविधता र दक्षिण एसियाका करोडौं मानिसको जीवनसँग सम्बन्धित छ । यस्तो अवस्थामा जलवायु शासनलाई स्थानीय तहसम्म पुऱ्याउनु अपरिहार्य हुन्छ। सडक, खानेपानी, कृषि, वन, पर्यटन, स्वास्थ्य, बस्ती विकास र विपद् व्यवस्थापनजस्ता क्षेत्र स्थानीय सरकारका दैनिक कार्यक्षेत्रसँग प्रत्यक्ष सम्बन्धित छन्।

जलवायु जोखिमलाई स्थानीय विकास योजनामा समेट्न नसक्दा विकासका लागि गरिएको लगानी स्वयं जोखिममा पर्न सक्छ। त्यसैले स्थानीय तहका योजना निर्माणमा जलवायु जोखिम मूल्याङ्कन, अनुकूलन क्षमता, विपद् जोखिम न्यूनीकरण र वातावरणीय दिगोपनलाई अभिन्न अङ्ग बनाउन आवश्यक छ। यही व्यापक पृष्ठभूमिमा नेपालको मुस्ताङस्थित घरपझोङ गाउँपालिकामा सम्पन्न घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ विशेष महत्वको पहलका रूपमा देखापरेको छ।

गत भदौ ३० र ३१ मा मुस्ताङको घरपझोङमा सम्पन्न दुईदिने सम्मेलनले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक विषयका रूपमा प्रस्तुत गरेको छ। कालीगण्डकीको तट र हिमाली भूभागको परिवेशमा सम्पन्न सम्मेलनको विशेष महत्व यसको भौगोलिक अवस्थितिमात्र होइन, देशभरका स्थानीय सरकारलाई जलवायु परिवर्तनको साझा मुद्दामा एउटै मञ्चमा ल्याउने प्रयासमा पनि रहेको छ।



*Ai Generated Image*

सम्मेलनमा ४३१ स्थानीय तह तथा ४१ जिल्ला समन्वय समितिका प्रतिनिधि सहभागी भएको तथ्यले यसको राष्ट्रिय आयाम देखाउँछ। प्रारम्भिक तयारीमा देशका ७५३ वटै स्थानीय तहलाई सहभागिताका लागि आह्वान गरिएको थियो । यसले जलवायु परिवर्तन अब सङ्घीय सरकार वा वातावरणविद्हरूको मात्र विषय नभई नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्थानीय सरकारको पनि जिम्मेवारीको विषय बनिसकेको सङ्केत गर्दछ । सम्मेलनको केन्द्रमा जलवायु न्याय रहेको थियो।

घरपझोङ सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष नेपालको हिमाली मुद्दालाई राष्ट्रियमात्र नभई अन्तर ाष्ट्रिय जलवायु एजेन्डासँग जोड्नु हो । हिमालयमा भइरहेको परिवर्तनको प्रभाव नेपालका सीमाभन्दा बाहिरसम्म पुग्ने भएकाले हिमालय संरक्षणलाई विश्वव्यापी जलवायु उत्तरदायित्वको विषयका रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता छ। नेपालले अन्तरराष्ट्रिय जलवायु मञ्चमा आफ्नो न्यून उत्सर्जन र उच्च जोखिमको अवस्थालाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै माउन्टेन एजेन्डा र जलवायु न्यायका विषयलाई सशक्त बनाउनुपर्ने आवश्यकता सम्मेलनले औंल्याएको छ । जलवायु कूटनीतिलाई विकास सहायता वा वित्त प्राप्त गर्ने प्रयासमा मात्र सीमित नगरी हिमाली पारिस्थितिक प्रणालीको संरक्षण र प्रभावित समुदायको अधिकारसँग जोड्नु आवश्यक देखिन्छ।

सम्मेलनको महत्त्वपूर्ण उपलब्धिका रूपमा ४९ बुँदे घरपझोङ घोषणापत्र, २०८३ जारी गरिएको छ । घोषणापत्रले जलवायु सङ्कटलाई वातावरणीय विषयमा मात्र सीमित नराखी राष्ट्रिय विकास, आर्थिक समृद्धि, सामाजिक न्याय र मानवअधिकारसँग जोडिएको बहुआयामिक सङ्कटका रूपमा स्वीकार गरेको छ। जलवायु अनुकूल योजना, सुरक्षित बस्ती विकास, जलवायु-सहिष्णु कृषि, प्राकृतिक स्रोत संरक्षण, पानीका मुहान तथा हिमनदी संरक्षण, फोहर व्यवस्थापन र जोखिम न्यूनीकरणलाई प्राथमिकता दिने प्रतिबद्धता यसमा समेटिएको छ।

घोषणापत्रले समावेशी जलवायु शासनलाई पनि महत्व दिएको छ। महिला, युवा, आदिवासी जनजाति तथा सीमान्तकृत समुदायलाई नीति तथा निर्णय प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ। जलवायु परिवर्तनको असर सबै समुदायमा समान नहुने भएकाले जोखिममा रहेका समुदायको अनुभव, आवश्यकता र स्थानीय ज्ञानलाई नीति निर्माणको आधार बनाउनु आवश्यक हुन्छ । यसैसँग परम्परागत ज्ञान र आधुनिक विज्ञानबीचको समन्वय पनि महत्त्वपूर्ण छ । हिमाली तथा ग्रामीण समुदायले पुस्तौंदेखि पानीका मुहान संरक्षण, स्थानीय बीउ, पशुपालन, प्राकृतिक स्रोत व्यवस्थापन र मौसमसम्बन्धी स्थानीय ज्ञान प्रयोग गर्दै आएका छन्। आधुनिक जलवायु विज्ञान, पूर्वचेतावनी प्रणाली र प्रविधिसँग यस्तो ज्ञानलाई जोड्न सकेमा जलवायु अनुकूलन अझ प्रभावकारी बन्न सक्छ।

सङ्घीय शासन प्रणालीमा नागरिकसँग सबैभन्दा नजिक रहेको सरकार स्थानीय तह हो । जलवायु परिवर्तनको वास्तविक प्रभाव पनि स्थानीय बस्ती, खेत, सडक, पानीका मुहान, विद्यालय, स्वास्थ्य संस्था र स्थानीय अर्थतन्त्रमा देखिन्छ । स्थानीय सरकारलाई जलवायु परिवर्तनको कार्यन्वयनकर्तामात्र होइन, नीति निर्माणको साझेदारका रूपमा स्थापित गर्न आवश्यक छ तर जिम्मेवारीसँगै स्रोत र क्षमता पनि आवश्यक हुन्छ । स्थानीय तहलाई पर्याप्त वित्तीय स्रोत, प्राविधिक जनशक्ति, सूचना, प्रविधि र संस्थागत क्षमता उपलब्ध गराउनुपर्छ।

यसै सन्दर्भमा जलवायु वित्तमा स्थानीय पहुँच अत्यन्त महत्त्वपूर्ण विषय हो। अन्तरराष्ट्रिय जलवायु वित्त स्थानीय तहसम्म प्रभावकारी रूपमा पुग्न नसकेमा वास्तविक जोखिममा रहेका समुदायले अपेक्षित लाभ पाउन सक्दैनन् । स्थानीय जोखिम, भौगोलिक संवेदनशीलता, जनसङ्ख्या र सामाजिक अवस्थालाई आधार बनाएर जलवायु वित्तको वितरण गर्नु आवश्यक देखिन्छ। जलवायु वित्तलाई स्थानीय तहका आवधिक योजना र वार्षिक बजेट प्रणालीसँग जोड्न सकिएमा जलवायु अनुकूलन कार्यक्रमलाई परिणाममुखी बनाउन सकिन्छ । प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय जलवायु जोखिम नक्सा तयार गरी जोखिममा रहेका बस्ती, पानीका मुहान, कृषि प्रणाली, पूर्वाधार तथा बढी प्रभावित हुनसक्ने समुदाय पहिचान गर्न सक्छ। यसले जलवायु परिवर्तनको बहसलाई नाराबाट तथ्यमा आधारित र परिणाममुखी शासनतर्फ लैजान सक्छ।

यस अर्थमा घरपझोङ सम्मेलनलाई नेपालको जलवायु शासनमा स्थानीय आवाजलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय जलवायु एजेन्डासँग जोड्ने महत्त्वपूर्ण प्रयासका रूपमा लिन सकिन्छ। यसको वास्तविक महत्व सम्मेलन सम्पन्न भएको घटनामा होइन, यसले उठाएका सवाल कति गहिरोसँग नीति, योजना, बजेट, संस्था र व्यवहारमा रूपान्तरण हुन्छन् भन्ने कुरामा निर्भर हुनेछ। घरपझोङको ४९ बुँदे प्रतिबद्धता स्थानीय तहको योजना र बजेटमा, स्थानीय जलवायु जोखिमको नक्सामा, जलवायु वित्तको न्यायपूर्ण पहुँचमा, हिमाली एजेन्डाको अन्तरराष्ट्रिय पैरवीमा र नागरिकको दैनिक जीवनमा रूपान्तरण हुन सक्यो भने घरपझोङ एउटा सम्मेलन स्थलको नाममा सीमित रहने छैन । त्यो जलवायु न्याय, स्थानीय शासन र हिमाली आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने प्रतीक बन्नसक्छ। जलवायु परिवर्तनविरुद्धको हाम्रो यात्रा केवल पृथ्वीको तापक्रम घटाउने यात्रा होइन; यो मानव जीवन सुरक्षित गर्ने, प्रकृति जोगाउने, विकासलाई न्यायपूर्ण बनाउने र भावी पुस्ताप्रति हाम्रो दायित्व पूरा गर्ने यात्रा हो। यही यात्रामा घरपझोङको आवाजले स्थानीय अनुभवलाई राष्ट्रिय सङ्कल्प र राष्ट्रिय सङ्कल्पलाई विश्वव्यापी जलवायु न्यायसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नसक्छ।

# तरकारीखेतीले फेरिएको जीवन

**दीपक बोहरा**

दाङको तुलसीपुर उपमहानगरपालिका-१३, बखरीगाउँका ७० वर्षीय सुन्दरलाल चौधरीको दैनिकी आजभोलि पनि आफ्नै हरियो करेसाबारीमा बित्छ। हातमा कोदालो बोकेर उहाँ बिहानैदेखि अर्गानिक तरकारी र वन कृषि फर्ममा व्यस्त देखिनुहुन्छ । उमेरले सात दशक नाघिसक्दा पनि उहाँको कृषिप्रतिको मोह भने घटेको छैन।

आफू १६ वर्ष हुँदा तरकारीखेती सुरु गरेका सुन्दरलाल विगत पाँच दशकभन्दा लामो समयदेखि माटोसँग खेल्दै आउनुभयो । "खेतीपाती मेरो जीवनको अभिन्न अङ्ग बनिसक्यो", उहाँले भन्नुभयो। उहाँको यो निरन्तरताले केवल घरको छाक मात्र टारेको छैन, तरकारीखेतीकै कमाइबाट दुई वटा गाडीसमेत किन्न सफल बनाएको छ। घरमै गाडी भएपछि उहाँका तीन छोराहरूले गाडी चलाउन सिकेपछि उहाँहरुलाई पनि आत्मनिर्भर हुन सहज भएको छ।

सुन्दरलालको करिब डेढ बिघा जग्गामध्ये १० कट्ठामा व्यावसायिक तरकारीखेती भइरहेको छ । उहाँको बारीमा सिजनअनुसारका काँक्रो, लौका, फर्सी, भान्टा, करेला, गोलभेँडा, खुर्सानीलगायतका तरकारीखेती हुने गर्छन। तरकारी र फलफूलखेतीबाटै उहाँले वार्षिक रु एक लाख ५० हजारदेखि दुई लाखसम्म आम्दानी गर्दै आएको बताउनुभयो।

त्यस्तै कडा परिश्रम र निरन्तरता दिने हो भने माटोमै सुन फलाउन सकिन्छ भन्ने अर्को गतिलो उदाहरण बन्नुभएको छ, तुलसीपुर-१३ बखरियाकै नवराज रावत । उहाँले पनि विगत १९ वर्षदेखि व्यावसायिक रूपमा गोलभेँडाखेती गर्दै आउनुभएको छ। २०६४ सालदेखि निरन्तर रुपमा उहाँ गोलभेँडाखेतीमा व्यस्त हुनुहुन्छ । उहाँ घरबाट अंशबन्डा हुँदा आठ कट्ठा जग्गा भाग परेको थियो । त्यही जग्गाबाट गोलभेँडाखेतीमा लाग्नुभएका उहाँ अहिले डेढ बिघा जग्गामा तरकारीखेती गर्नुहुन्छ । त्यो जग्गा पनि तरकारीखेतीबाटै जोडेको उहाँ बताउनुहुन्छ । "सुरुमा मेरो आठ कट्ठा मात्रै थियो, त्यही जग्गाबाट तरकारीखेती सुरु गरेँ", उहाँले भन्नुभयो, "त्यसबेला केही जग्गा भाडामा लिएर पनि खेती गरेँ, अहिले डेढ विघा जग्गासमेत जोड्न सफल भएको छु।"

त्यति मात्रै होइन, गोलभेँडाखेती गरेरै रावतले बखरियामा रु एक करोडभन्दा बढी खर्च गरेर पक्की घरसमेत बनाउनुभएको छ । उहाँले मासिक रु एक लाखभन्दा बढी गोलभेँडोतीबाटै आम्दानी गर्दै आएको बताउनुहुन्छ। रावतले उत्पादन गरेको गोलभेँडा अहिले दाङमा मात्र सीमित छैनन् । सुर्खेत र बुटवलसम्मका बजारमा पुग्ने गरेको छ। पछिल्लो समय नजिकैको शीतलपुरमा हाटबजार निर्माण भएपछि बजारीकरणमा थप सहज भएको उहाँ बताउनुहुन्छ।

उहाँको फार्ममा अहिले १२ जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । बखरिया क्षेत्र तरकारी उत्पादनका हिसाबले उत्तम क्षेत्र हो। जहाँ अन्य किसानहरुसहित गरी ४५ बिघाभन्दा बढी क्षेत्रफलमा यसरी तरकारीखेती हुने गरेको छ।

तरकारीखेतीमै रमाउनेमा तुलसीपुर उपमहानगरपालिका-१६ रत्गौ निवासी सुनिता चौधरी पनि हुनुहुन्छ। करिब तीन वर्षअघि तरकारीखेतीसम्बन्धी तालिम लिएपछि निरन्तर यही पेसामा आबद्ध भएर वार्षिक पाँच लाखभन्दा बढी आम्दानी गर्ने गरेको उहाँ बताउनुहुन्छ । आठ कट्ठा क्षेत्रफलमा गोलभेँडा, बोडी, भिन्डीलगायतका तरकारी उत्पादन गरेर आफैँ बजारसम्म लैजाने गरेको उहाँले यो पेसाले आफूलाई सन्तुष्ट बनाएको बताउनुभयो। "म एकल महिला पनि हुँ, समय बिताउन गाह्रो हुन्थ्यो", उहाँले भन्नुभयो, "दिनभर तरकारीखेतीमै व्यस्त हुन्छु, बिहान आफैँ छिट्वामा बोकेर बजारसम्म लैजान्छु, समय बिताउन निकै सहज भएको छ, आम्दानी पनि उत्तिकै छ।"

सुनिताजस्तै खेतीमा व्यस्त हुनुहुन्छ तुलसीपुर उपमहानगरपालिका-१३ बखरियाकी सुलोचना शेर्पा। कुनैबेला टिकटक, फेसबुकमा दिन बिताउने उहाँ अहिले घरआँगनसँगै जोडिएको ११ कट्ठा जग्गामा कागतीखेती गर्नुभएको छ। युट्युबबाटै सिकेर उहाँ यसरी तरकारीखेतीमा व्यस्त हुनुभएको हो । "मैले युट्यूब हेरेर कागतीखेतीका बारेमा धेरै जानकारी पाएँ", उहाँले भन्नुभयो, "त्यसले गर्दा नै अहिले कागतीखेती गरिरहेकी छु।" पाँच वर्षदेखि उहाँ यसै खेतीमा निरन्तर व्यस्त हुनुहुन्छ । आफ्नो बारीमा तीन सय वटा कागतीका बिरुवा रोपेकी सुलोचनाले गएको वर्षबाट राम्रो प्रतिफल पाउन थाल्नुभएको छ। गत वर्ष सबै खर्च कटाएर उहाँले रु डेढ लाख आम्दानी गर्न सफल हुनुभएको थियो ।

तुलसीपुर-११, मोतिपुरकै किसान यज्ञ खत्रीको तरकारीखेतीमा फरक अनुभव छ । उहाँले तरकारीखेती सुरु गरेको २२ वर्षभन्दा बढी भयो। जतिबेला घरमा खानका लागि पर्याप्त तरकारीसमेत हुँदैनथ्यो। बालबच्चालाई कसरी पढाउने र उनीहरूको भविष्य कसरी सुरक्षित गर्ने भन्ने चिन्ताले उहाँलाई सताउने गर्थ्यो । "पहिले त खाने तरकारीसमेत हुँदैनथ्यो, बालबच्चा कसरी पढाउने भन्ने पिर हुन्थ्यो", उहाँले भन्नुभयो, "जब तरकारीखेती गरेँ, त्यसपछि जीवन धान्न निकै सहज भयो।" हाल उहाँले डेढ विघामा कृषि खेती गर्नुभएको छ। "छोराछोरीले राम्रो स्कुल पढ्न पाएका छन्, तरकारीखेती गरेर पक्की घर बनेका छन्", उहाँले भन्नुभयो, "तरकारी खेतीले निकै सहज बनाएको छ।" उहाँका अनुसार सोही ठाउँमा तरकारी खेती गरेरै धेरै किसानको जीवनस्तर सुधार भएको छ।

दाङको तुलसीपुर उपमहानगरपालिका-१६, रत्गौका विनोद चौधरी भने तरकारीखेतीमा मात्रै व्यस्त हुनुहुन्न, उहाँ अर्गानिक कृषिखेतीको नेतृत्वसमेत गरिरहनुभएको छ । वर्षौंदेखि दुई बिघाभन्दा बढी जमिनमा तरकारीखेती गर्दै आउनुएका उहाँ पछिल्लो समय पाँच कट्ठामा अर्गानिक खेतीको अभ्यास सुरु गर्नुभएको छ भने गाउँका अन्य १० किसानलाई समेत समेटेर अर्गानिक कृषिमा आबद्ध गराउनुभएको छ।

उहाँले 'मिलीजुली कृषक समूह' गठन गरेर अर्गानिक रुपमा गोलभेँडा, काँक्रा, बोडी, सिमी, लौका, करेलालगायतका तरकारी फलाउँदै आउनुभएको छ। "हामीले समूह नै बनाएर अर्गानिक खेती सुरु गरेका छौँ", उहाँले भन्नुभयो, "अहिले १० जना किसान यसमा आबद्ध छौँ।" अहिले रासायनिक मलको साटो गड्यौला मल, झोल मल र गोबर मल प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो। उहाँ आफैँ गड्यौला पालेर प्रतिकिलो रु १२ सयमा गड्यौला र प्रतिगोटा रु ३० मा किनबेचसमेत गर्नुहुन्छ।

यस्तै अर्गानिक खेतीको अभियानमा हुनुहुन्छ-तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका दीपक चौधरी । विगत १२ वर्षदेखि निरन्तर तरकारीखेतीमा रमाउनुभएका चौधरी भन्नुहुन्छ, "सुरुआती वर्षहरूमा रासायनिक मलकै प्रयोग गर्थें तर, पछिल्लो एक वर्षदेखि प्राङ्गारिक मल प्रयोग गर्ने गरेको छु।" अहिले उहाँले आफ्नै बारीमा उत्पादित गड्यौला मल प्रयोग गरेर अर्गानिक तरकारी उत्पादन गरिरहनुभएको छ । हाल सात कट्ठामा तरकारीखेती गरिरहनुभएका उहाँ हिउँदको समयमा यसलाई विस्तार गरेर १७ कट्ठाभन्दा बढी पुऱ्यानुहुन्छ। तरकारीखेतीबाटै उहाँले वार्षिक रु चार लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ।

बजारमा पाइने विषादीयुक्त तरकारीलाई न्यूनीकरण गर्न तुलसीपुर उपमहानगरपालिका-११ मोतिपुरका किसान जुगराम चौधरीले पनि यसरी प्राङ्गारिक मल नै प्रयोग गर्दै आउनुभएको छ। नतासाह कृषि फर्ममार्फत काउली, आलु, गोलभेँडा, बोरी, लौकाको व्यवसाय गर्दै आउनुभएका उहाँले हाल प्राङ्गारिक मल प्रयोग गर्ने गरेको बताउनुभयो।

प्राङ्गारिक मल प्रयोग गर्दा कहिलेकाहीँ किराले सताउने गरेको उहाँले बताउनुहुन्छ। एक बिघाभन्दा बढी क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएका उहाँले हाल गड्यौला मलको प्रयोग गर्दै आउनुभएको छ।

# प्रतिरक्षा विश्वविद्यालय नेपाली सेनाको मात्र विश्वविद्यालय होइनः कानुनमन्त्री गौतम

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय नेपाली सेनाको मात्र विश्वविद्यालय नभइ राष्ट्रियस्तरको विश्वविद्यालय भएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट जवाफ दिँदै उहाँले सो विश्वविद्यालयले सैन्य प्रकृतिको तालिम नदिने स्पष्ट पार्नुभयो ।

बदलिँदो विश्वमा राष्ट्रिय सुरक्षालाई युद्ध वा सैन्य सुरक्षा मात्रै भनेर बुझ्न नहुने भन्दै मन्त्री गौतमले अन्तरराष्ट्रिय सम्बन्ध, कूटनीति, आर्थिक तथा सुरक्षा कूटनीति, राष्ट्रिय सुरक्षा र रणनीतिक अध्ययन एवं साइबर सुरक्षालगायत विषय राष्ट्रिय सुरक्षामा समावेश हुने बताउनुभयो ।

"यी विषय पढाउन विशिष्टीकृत संस्थाको आवश्यकता थियो । त्यसैले यस विधेयकमा सैनिक तथा गैरसैनिक कर्मचारीका लागि उच्चस्तरीय प्राज्ञिक अध्ययन, अध्यापन र अनुसन्धान सञ्चालन गर्ने परिकल्पना गरिएको छ", उहाँले भन्नुभयो, "मित्र राष्ट्रका सैनिक र गैरसैनिक अधिकारीसमेत यहाँ आएर अध्ययन गर्न सक्नेगरी यो विधेयकमा परिकल्पना गरिएको छ ।"

विधेयकले विश्वविद्यालय सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् तथा 'बोर्ड अफ ट्रस्टी' जस्ता अलग-अलग संस्थागत संरचनाको परिकल्पना गरेको उहाँले जानकारी दिनुभयो । विधेयकले नीति तथा संस्थागत उत्तरदायित्व र दैनिक प्राज्ञिक कार्यबीच आवश्यक दूरी कायम राखेको



उहाँको भनाइ छ । विश्वविद्यालयबाट राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, रणनीतिक नेतृत्व, अन्तरराष्ट्रिय सम्बन्ध, कूटनीति, आर्थिक कूटनीतिलगायत कक्षा सञ्चालन हुनेछन् । "नेपालमा धेरै विश्वविद्यालय छन्, सामान्य अर्को विश्वविद्यालय थप्नु होइन, राष्ट्रिय सुरक्षा र प्रतिरक्षाका विषयमा नेपालभित्रै उच्चस्तरीय शिक्षा, अनुसन्धान, रणनीतिक विश्लेषण र नीतिगत ज्ञान उत्पादन गर्न सक्ने स्वायत्त, विश्वसनीय र राष्ट्रिय संस्था निर्माण गर्नु हो", उहाँले भन्नुभयो ।

मन्त्री गौतमले संसद्को छलफलबाट विश्वविद्यालयको स्वायत्तता, नागरिक-सैनिक सहभागिता, प्राज्ञिक स्वतन्त्रता र संस्थागत उत्तरदायित्वलाई अझ स्पष्ट र सुदृढ बनाउन सकिने धारणा राख्नुभयो । बैठकले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको थियो ।

उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसद बिक्रम थापाले सैनिक र गैरसैनिक अधिकारीलाई राष्ट्रिय सुरक्षा, राष्ट्रिय प्रतिरक्षा, रणनीतिक मामिला र सामरिक महत्त्वबारे विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषय स्वागतयोग्य भएको बताउनुभयो ।

सांसद भरत गिरीले प्रतिरक्षा विश्वविद्यालयलाई अर्को विश्वविद्यालयको सङ्ख्या थपमा रूपमा मात्र नभई आफ्नै रणनीतिक ज्ञान र अनुसन्धान क्षमता विकास गर्ने अवसरका रूपमा लिनुपर्ने धारणा राख्नुभयो ।

सांसद खुश्बु ओलीले प्रतिरक्षा विश्वविद्यालयलाई सुरक्षा अध्ययन र सैनिक शिक्षामा मात्र सीमित नगरी कूटनीति, सङ्कट व्यवस्थापन, साइबर र जलवायु सुरक्षा, अर्थतन्त्र र अन्तरराष्ट्रिय सम्बन्धसँग जोड्नुपर्ने बताउनुभयो ।

सांसद रमेशकुमार मल्लले विधेयकको मूल अवधारणा राष्ट्रिय सुरक्षा र ज्ञान उत्पादनका दृष्टिले महत्त्वपूर्ण रहेको भन्दै संसदीय समितिमा दफावार छलफलका क्रममा यसको स्वायत्तता, शैक्षिक स्वतन्त्रता, नागरिक-सैनिक सम्बन्ध, पारदर्शीता, अनुसन्धानको गुणस्तर र सुरक्षा संवेदनशीलताको स्पष्ट सीमा निर्धारण गर्नुपर्ने बताउनुभयो ।

सांसद पुष्पराज कँडेलले विश्वविद्यालयको स्वायत्तता र प्राज्ञिक स्वतन्त्रतालाई विधेयकमा परिभाषित गरिनुपर्नेमा जोड दिनुभयो । सांसद राम लामाले सत्ता परिवर्तनसँगै विश्वविद्यालयका पदाधिकारीहरू परिवर्तन हुने परम्परा अन्त्य गर्नुपर्ने धारणा राख्नुभयो ।

सांसद बलावती शर्माले राष्ट्रिय सार्वभौमिकता, अखण्डता र स्वाधिनताको प्रतिनिधित्व सो विश्वविद्यालय गर्न सक्छ भनी प्रश्न गर्नुभयो । सांसद युवराज दुलालले विश्वविद्यालयको प्राज्ञिक स्वायत्तता सुनिश्चिता नगरेसम्म विधेयकमा प्रस्तुत भद्दा संरचनाले नयाँपन दिन नसक्ने जिकिर गर्नुभयो ।

सांसदहरू नितिमा भण्डारी (कार्की), करिष्मा कठरिया, टुकाभद्रा हमाल, रिमा विश्वकर्मा, कमल सुवेदी, धर्मराज केसी, यज्ञमणि न्यौपाने, भरतप्रसाद पराजुली, सरस्वती लामा, आनन्दबहादुर चन्द, बोधनारायण श्रेष्ठ, सुशील खड्का, एशुदाकुमारी बराल, मधुकुमार चौलागाई, परशुराम तामाङ, कृष्णहरि बुढाथोकी, पार्वती विक, ताराप्रसास जोशी, साजिदा खातुन सिद्धिकी, ज्ञानु पौडेल, ओजस्वी शेरचन र गणेश कार्कीले विश्वविद्यालयले साइबर सुरक्षा, विपद् व्यवस्थापन, अन्तर्राष्ट्रिय सम्बन्ध, कृत्रिम बुद्धिमत्ता र रणनीतिक सञ्चारलगायत विषयलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

प्रतिनिधिसभाको अर्को बैठक यही असोज १४ गते अपराह्न १:०० बस्नेछ । रासस

## संघीय निजामती सेवासम्बन्धी विधेयक संसद्मा पेस गर्ने सरकारको निर्णय



काठमाण्डु । सरकारले संघीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक संघीय संसद्मा पेश गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले सङ्घीय निजामती सेवा विधेयक संसद्मा पेस गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बैठकले स्वास्थ्य सेवा सुधारका लागि अमेरिकी सरकारबाट प्राप्त हुने २० दशमल सात मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णयसमेत गरेको छ ।

मन्त्रिपरिषद्ले पूर्व-पश्चिम राजमार्गअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक खण्ड, गजार्ड खोला साना जलविद्युत् आयोजना तथा ४० मेगावाट क्षमताको बलेफीखोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न स्वीकृति दिएको छ ।

सशस्त्र प्रहरी बल, नेपालका तालिम शिक्षालय, गुल्म तथा सीमा सुरक्षा पोष्ट निर्माणका लागि राष्ट्रिय वन क्षेत्र उपयोग गर्न पनि स्वीकृति दिइएको छ । बैठकले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ संशोधन गर्न बनेका विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ ।

मन्त्रिपरिषद्ले प्रशासनतर्फ दुई उच्च अधिकारीको बढुवा तथा पदस्थापनसमेत गरेको छ । सहसचिव आभा श्रेष्ठ कर्णलाई बढुवा गरी गण्डकी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गर्ने निर्णय भएको छ । नेपाल इञ्जिनियरिङ सेवातर्फका डा जगदीश्वर कर्माचार्यलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयको सचिवमा पदस्थापन गर्ने निर्णय भएको छ । रासस

## कांग्रेस १५औँ महाधिवेशन सर्‍यो, असोज १८ गतेदेखि हुने



काठमाण्डु । नेपाली कांग्रेसको १५औँ राष्ट्रिय महाधिवेशन आगामी असोज १८ देखि काठमाडौँमा हुने भएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले मंगलबार एक विज्ञप्ति जारी देशका विभिन्न स्थानमा भारी वर्षाका कारण प्रदेशसभा तथा प्रतिनिधीसभा क्षेत्रीय अधिवेशनमा ढिलाइ भएकाले निर्धारित समयभन्दा दुई दिन पर सारिएको जानकारी दिनुभयो । यसअघि कांग्रेसले असोज १६ देखि १९ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका जारी निर्धारित समयभन्दा दुई दिनपछि सारिएको हो ।

"पार्टीको महाधिवेशनअन्तर्गत वडा र पालिका अधिवेशन सम्पन्न भई प्रदेशसभा क्षेत्रीय अधिवेशन र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन भइरहेका छन्, यसैबीचमा देशका विभिन्न स्थानमा परेको भारी वर्षाका कारण उत्पन्न असहज परिस्थितिलाई मध्यनजर गर्दै १५औँ महाधिवेशन असोज १८ गतेसम्मका लागि सारिएको हो", उहाँले भन्नुभयो ।

कांग्रेसको १५औँ महाधिवेशन उद्घाटन समारोह असोज १८ गते दिउँसो २ बजे खुलामञ्चमा हुने कांग्रेसले जनाएको छ । रासस

## सञ्चारमन्त्री डा तिमिल्सिनाको कोरिया भ्रमण स्थगित



काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले गणतन्त्र कोरियाको राजधानी सिओलमा आयोजना हुने 'ग्लोबल आइसिटी लिडर सिप फोरम' मा सहभागी हुन जाने पूर्वनिर्धारित भ्रमण स्थगित गर्नुभएको छ ।

सञ्चारमन्त्री तिमिल्सिनाको कोरिया भ्रमण २०८३ भदौ ३ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भएको थियो । उहाँ सेप्टेम्बर ३० देखि अक्टोबर ९, २०२६ सम्म सिओलमा हुने कार्यक्रमका लागि कोरिया जाने तयारीमा हुनुहुन्थ्यो ।

तर देशका विभिन्न क्षेत्रमा आएको बाढी, पहिरो र निरन्तर वर्षाका कारण ठूलो जनधनको क्षति भएपछि सञ्चारमन्त्री तिमिल्सिनाले पूर्वनिर्धारित कोरिया भ्रमण स्थगित गर्नुभएको हो ।

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा बाढी तथा पहिरोले ठूलो क्षति पुर्याएको थियो । त्यसैगरी असोज ८ देखि ११ गतेसम्म भएको निरन्तर वर्षाका कारण देशका विभिन्न स्थानमा पुनः बाढीपहिरो तथा डुबानका घटना भएका छन् । विपद्का कारण मानवीय क्षतिका साथै सडक, पुल, विद्युत्, सञ्चारलगायतका भौतिक संरचनामा समेत क्षति पुगेको छ । विपद्बाट प्रभावित क्षेत्रमा अहिले पनि उद्धार, राहत तथा पुनःस्थापनाका काम जारी छन् ।

सरकारले प्रभावित क्षेत्रमा उद्धार तथा राहत व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ । बाढी तथा पहिरोबाट प्रभावित क्षेत्रमा दूरसञ्चार तथा इन्टरनेट सेवा अवरुद्ध हुँदा उद्धार, राहत, समन्वय तथा प्रभावित नागरिकसँगको सम्पर्कमा कठिनाइ भइरहेको अवस्था सञ्चार सम्पर्कलाई यथासक्य नियमित र प्रभावकारी बनाउनु सरकारको महत्वपूर्ण दायित्व बनेको छ ।

यही परिस्थितिलाई ध्यानमा राख्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले मुलुकभित्रको विपद् व्यवस्थापन तथा प्रभावित क्षेत्रमा सञ्चार सेवा पुनःस्थापना र निरन्तरतासम्बन्धी कामलाई प्राथमिकता दिनुभएको मन्त्रालयले जनाएको छ ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार कोरिया भ्रमणमा सहभागी हुन नसक्ने जानकारी आयोजक पक्षलाई गराउन सञ्चार मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई अनुरोध गरेको छ ।

भ्रमण स्थगनको मुख्य कारण मुलुकका विभिन्न क्षेत्रमा विपद्का कारण उत्पन्न असहज परिस्थिति र प्रभावित क्षेत्रमा उद्धार, राहत, पुनःस्थापना तथा सञ्चार सेवा सञ्चालनलाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको सञ्चार मन्त्रालयले जनाएको छ । रासस

## उपराष्ट्रपति यादवसँग भारतीय राजदूतको बिदाइ भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले मंगलबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार बिदाइ भेट गर्नुभएको छ ।



उपराष्ट्रपति यादवले राजदूत श्रीवास्तवलाई कार्यकाल सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिँदै दुई देशबीचको ऐतिहासिक, सांस्कृतिक र मैत्रीपूर्ण सम्बन्धलाई अझ मजबुत बनाउन पुऱ्याउनुभएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्नुभएको थियो ।

राजदूत श्रीवास्ताव आफ्नो कार्यकाल सम्पन्न गरेर स्वदेश फर्कँदै हुनुहुन्छ । उपराष्ट्रपति यादवले नेपालमा हालैको विनाशकारी बाढीको कठिन घडीमा भारत सरकारद्वारा प्रदान गरिएको मानवीय तथा विपद् सहायताप्रति धन्यवाद व्यक्त गर्नुभएको उपराष्ट्रपति यादवको सचिवालयले जनाएको छ ।

राजदूत श्रीवास्तवले आफ्नो कार्यकालमा नेपाल भारत सम्बन्ध थप घनिष्ट बनाउन आफूले सक्दो प्रयास गरेको भन्दै नेपाल र नेपालीको सम्झना सदैव रहिरहने बताउनुभएको थियो । रासस

## अब पार्टीभित्र अराजकता र अनुशासनहीनता चल्दैन : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले अब पार्टीभित्र अराजकता र अनुशासनहीनता नचल्ने स्पष्ट पार्नुभएको छ ।



हालै सम्पन्न पार्टीको तेस्रो पूर्ण केन्द्रीय कमिटी बैठकका सन्देशबारे मंगलबार कोशी, मधेस, बागमती, उपत्यका विशेष र सम्पर्क समन्वय प्रदेशका पदाधिकारीलाई आज भर्चुअल रूपमा सम्बोधन गर्दै अध्यक्ष ओलीले अब पार्टीको नीति र अनुशासनविपरीत जाने, अराजकता फैलाउने वा विपक्षी रमाउने गरी बोल्ने जोकोहीमाथि कडा कारबाही हुने जनाउ दिनुभयो । एमालेको केन्द्रीय कमिटीको तेस्रो बैठक यही असोज ५ देखि ८ गतेसम्म ललितपुरमा भएको थियो ।

लोकतन्त्रको रक्षा र अब हुने स्थानीय तहको निर्वाचनको तयारी पार्टीको मुख्य गन्तव्य भएको उल्लेख गर्दै अध्यक्ष ओलीले अर्जुनदृष्टि लिएर लक्ष्यमा केन्द्रित हुन आग्रह गर्नुभयो ।

अन्य कुनै दलसँग तत्काल पार्टी एकता नहुने तर चुनावी तालमेल वा विषयगत कार्यगत एकता हुनसक्ने अध्यक्ष ओलीको भनाइ थियो ।

अध्यक्ष ओलीले राजधानी वा सुविधाभोगी ठाउँमा बसेर जिल्ला वा कार्यक्षेत्रको जिम्मेवारी पूरा हुन नसक्ने भन्दै नेताहरूलाई 'टुरिस्ट' नबनी स्थलमै गएर योजना बनाउन निर्देशन दिनुभयो ।

पार्टी केन्द्रीय कार्यालय, च्यासलबाट सञ्चालित भर्चुअल कार्यक्रममा उपाध्यक्षहरू रामबहादुर थापा 'बादल' विष्णुप्रसाद पौडेल, रघुजी पन्त, महासचिव शङ्कर पोखरेललगायत नेताहरूको उपस्थिति थियो । रासस

## 'केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३' स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकबाट 'केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३' स्वीकृत भएको छ ।



सैद्धान्तिक छलफलपश्चात् सर्वसम्मतिबाट स्वीकृत भएको सो विधेयकमाथि अब संशोधन पेस भई सम्बन्धित समितिमा छलफल हुनेछ ।

यसअघिको अध्यादेशबाट संशोधन गरिएका केही नेपाल ऐनका केही व्यवस्थाहरु निष्क्रिय भएकाले सरकारले केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक ल्याएको हो ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसद सुशीला ढकाल आचार्यले उक्त विधेयक राजनीतिक स्वार्थभन्दा माथि उठेर कानुनी स्थायित्व कायम हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद साजिदा खातुन सिद्धिकीले पुनर्जीवित गरिने सबै व्यवस्था संविधानसँग बाँझिए/नबाँझिएको विषयमा स्पष्ट हुनुपर्ने बताउनुभयो । कानुन कार्यान्वयन निकाय र समय सीमाबारे पनि स्पष्ट हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सांसद अफ्साना बानुले त्यस विधेयकले प्रसाशनलाई अन्योलबाट बचाउने सुनिश्चिता हुनुपर्नेमा जोड दिनुभयो । सांसद एशुदाकुमारी बरालले अध्यादेशबाट शासन सञ्चालन गर्ने शैलीबाट माथि उठ्न सरकारसँग आग्रह गर्नुभयो ।

उक्त विधेयकमाथिको छलफलमा सांसद आरेन राई, डा ललिता कुमारी, टुकाभद्रा हमाल, डा पुष्पराज कँडेल, बलावती शर्मा, पार्वती विक, गुरुप्रसाद बराल, गङ्गादेवी श्रेष्ठले छलफलमा भाग लिनुभयो ।

छलफलमा उठेका विषयको जवाफ दिँदै मन्त्री गौतमले अध्यादेश निष्क्रिय भएका केही नेपाल ऐनका दफालाई पुनः जगाउने नीतिगत निर्णय गरेबमोजिम सरकारले विधेयक पेस गरेको जानकारी गराउनुभयो । रासस

## प्रधानमन्त्री साहसँग भारतीय राजदूत श्रीवास्तवको बिदाइ भेट

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बिदाइ भेट गर्नुभएको छ ।

नेपालका लागि आफ्नो कार्यकाल सकेर फर्किन लाग्नुभएका श्रीवास्तवले मंगलबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर प्रधानमन्त्री साहसँग बिदाइ भेट गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

भेटमा प्रधानमन्त्री साहले नेपाल र भारतबीचको सम्बन्ध सधैँ सुमधुर र प्रगाढ रहँदै आएको बताउनुभएको थियो । उहाँले हालै बाढीपहिरो तथा विपद्को समयमा भारत सरकारले पुऱ्याएको सहयोगका लागि विशेष धन्यवाद व्यक्त गर्नुभयो । प्रधानमन्त्री शाहले राजदूत श्रीवास्तवलाई कार्यकाल सम्पन्न गरेकामा बधाई दिनुहुँदै आगामी जीवनका लागि शुभकामनासमेत व्यक्त गर्नुभयो ।

त्यस अवसरमा राजदूत श्रीवास्तवले आफ्नो कार्यकालमा दुई देशबीच कैयौँ विकास परियोजनाहरू सम्पन्न भएको जानकारी गराउँदै नेपाल बसाइका क्रममा सहयोग पुऱ्याउने नेपाल सरकार र नेपाली जनतालाई विशेष धन्यवाद व्यक्त गर्नुभएको थियो । रासस

## पूर्वप्रधानन्यायाधीशलाई पक्राउ गरिएको होइन, सुरक्षा दिइएको हो : मन्त्री पोखरेल

काठमाण्डु । सरकारले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणामाथि सुरक्षा खतरा देखिएपछि सुरक्षित स्थानमा सारिएको जनाएको छ ।

मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राणालाई पक्राउ वा नियन्त्रणमा नलिइएको स्पष्ट पार्नुभयो ।

राणाको मोबाइलमा 'टेक्स्ट मेसेज' मार्फत सुरक्षा धम्की आएको र सोही आधारमा सुरक्षा निकायले उहाँलाई सुरक्षित स्थानमा सारेको मन्त्री पोखरेलले बताउनुभयो ।

"उहाँलाई पक्राउ गरिएको होइन, नियन्त्रणमा लिइएको पनि होइन ।



उहाँको परिवारबाट थप सुरक्षा माग गर्दै निवेदनसमेत परेकाले सुरक्षाका लागि उद्धार गरेर सुरक्षित स्थानमा लगिएको हो", मन्त्री पोखरेलले भन्नुभयो । उहाँका अनुसार राणालाई आएको धम्की 'जेनजी' समूहबाट नभई कुनै अपरिचित समूहबाट आएको थियो । रासस

# इरानले आणविक विषयमा ठोस प्रस्ताव गरे ट्रम्प आर्थिक प्रतिबन्ध फुकुवा गर्न तयारः अमेरिकी अधिकारी

एएफपी । इरानले आणविक विषयमा ठोस प्रस्ताव गरे अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प इरानमाथि लगाएको आर्थिक प्रतिबन्धमा राहत दिन र जफत गरिएको रकम जारी गर्न इच्छुक रहेको अमेरिकी अधिकारीले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाले मध्यस्थकर्तामार्फत सकारात्मक र रचनात्मक छलफल गरिरहेको बताउँदै अधिकारीले आणविक मुद्दा सम्बोधन नगरेसम्म कुनै सम्झौता नहुने उल्लेख गरेका छन् ।



यसअघि आइतवार ट्रम्पले एक्सियोसलाई यस हप्ता इरानसँग थप वार्ता हुने अपेक्षा गरेको बताउनुभएको थियो । अमेरिकी अधिकारीका अनुसार विशेष दूत स्टिभ विटकोफ, जारेड कुसनर, उपराष्ट्रपति जेडी भान्स र विदेशमन्त्री मार्को रुबियोले अमेरिकी पक्षमा वार्ताको नेतृत्व गरिरहेका थिए ।

अधिकारीका अनुसार इरानले आणविक मुद्दामा लचिलो हुने सङ्केत गरेको छ, तर दुवै पक्षले प्रतिबद्धताको समयमा सहमतिमा भने पुगिसकेका पुगेका छैनन् ।

यसैबीच, इरानी विदेशमन्त्री अब्बास अराघचीले सोमबार तेहरानले न्यूयोर्कमा कतारी मध्यस्थकर्तामार्फत संयुक्त राज्य अमेरिकासँग थप अप्रत्यक्ष वार्ता गरेको अल जजिराले जनाएको छ । मङ्गलबारसम्म इरानले वासिङ्टनबाट आधिकारिक प्रतिक्रियाको प्रतिक्षा गरिरहेको उहाँले बताउनुभयो ।

पत्रकारसँग कुरा गर्दै अराघचीले क्षेत्रीय तनाव र हर्मुजमा गम्भीर सुरक्षा अवस्थाबारे इरानको धारणा व्यक्त गर्नु गत हप्ताको संयुक्त राष्ट्र महासभाको सत्रमा उहाँको सहभागिताको प्रमुख उद्देश्य भएको बताउनुभयो ।

अल जजिराका अनुसार, इरानी विदेशमन्त्रीले विशेष सर्त पूरा भएमा तेहरानले सङ्कट समाधान गर्न र महत्वपूर्ण जलमार्ग पुनः खोल्नका लागि निष्पक्ष र तार्किक योजना अगाडि बढाएको दोहोर्‍याउनुभयो ।

"हाम्रो उद्देश्य यी सर्त अमेरिकी पक्ष र अन्य सबै राष्ट्रलाई बुझाउनु थियो, अन्तरराष्ट्रिय समुदायलाई यस सन्दर्भमा इरानको योजना छ भनेर सचेत गराउनु थियो," अराघचीले भन्नुभयो ।

विद्यमान मतभेद कम गर्ने र तेहरानका प्रस्तावको कार्यान्वयनलाई सहज बनाउने उद्देश्यले नयाँ उपाय कतारका मध्यस्थकर्ताले पछिल्लो बैठकमा पेस गरेका थिए भने हाल ती विचार वासिङ्टनमा फिर्ता पठाइएका छन् ।

"कतारी र पाकिस्तानी मध्यस्थकर्ताले आदानप्रदान गरेका यस्ता सञ्चार र सन्देश सधैँ सराहनिय भएता पनि इरानले अघि सारेको प्रस्तावलाई ध्यानमा राख्दै वार्ता प्रक्रियाले अझै गम्भीर प्रकृतिलाई लिएको बताएको अल जजिराले रिपोर्ट गरेको छ ।

यसअघि ट्रम्पले अमेरिकी अधिकारीले इरानमा मध्यस्थकर्तासँग छलफल गरेको पुष्टि गरेको अल जजिराले जनाएको छ । ओभल अफिसमा पत्रकारसँग कुरा गर्दै, ट्रम्पले कुराकानीको पुष्टि गरेको तर वार्ताको बारेमा थप विवरण नदिएको जजिराले जनाएको छ ।

अल जजिराले उद्धृत गरेको इरानी मिडियाका अनुसार तेहरान र वासिङ्टनबीचको अवस्थाको पछिल्लो प्रस्ताव र घटनाक्रमबारे छलफल गर्न न्युयोर्कमा मध्यस्थकर्तासँग पनि अराघचीको भेट हुने कार्यक्रम थियो ।

कतारको प्रतिनिधिमण्डलले गत हप्ता संयुक्त राज्य अमेरिकाको यात्रा गरी आर्थिक राहतको बदलामा स्ट्रेट अफ हर्मुज पुनः खोल्ने सम्बन्धमा अमेरिकी अधिकारीलाई इरानी प्रस्ताव प्रस्तुत गरेपछि यो बैठक भएको हो ।

गत हप्ता, ८१औँ संयुक्त राष्ट्रसङ्घीय महासभाको अवसरमा, अराघचीले सात दिनको प्रस्तावको रूपरेखा प्रस्तुत गर्नुभयो जस अन्तर्गत इरानले वाशिङ्टनले केही सर्त पूरा गरेमा स्ट्रेट अफ होर्मुज पुनः खोल्ने छ ।

इरानले यो प्रस्ताव बिचौलियामार्फत पठाइएको र जलमार्ग पुनः खोल्नलाई अमेरिकी सैन्य दबाब कमलगायतका उपायसँग जोडेको बताएको छ ।

# एसियाली खेलकुद :
## क्रिकेट खेल रद्द हुँदा नेपाल प्रतियोगिताबाट बाहिरियो



काठमाण्डु । जापानमा जारी बीसौँ एसियाली खेलकुदअन्तर्गत पुरुष क्रिकेटको क्वार्टरफाइनलमा श्रीलङ्कासँगको खेल वर्षाका कारण रद्द भएपछि नेपाल प्रतियोगिताबाट बाहिरिएको छ ।

नागोयास्थित कोरोगी स्पोर्टस पार्कको मैदानमा मंगलबार तय भएको नेपाल र श्रीलङ्काबीचको खेल वर्षाका कारण सुरु हुन सकेन । लगातारको वर्षाका कारण टससमेत हुन नसकेपछि खेल रद्द गरिएको नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ । योसँगै सेमिफाइनल पुग्ने नेपालको सपना यसपालि पनि अधुरै रहेको छ ।

प्रतियोगिताको नियमअनुसार खेल सञ्चालन हुन नसकेको अवस्थामा ट्वान्टी-२० अन्तरराष्ट्रिय वरियतामा माथिल्लो स्थानमा रहेको टोलीलाई विजेता मान्दै अघिल्लो चरणमा प्रवेश गराउने प्रावधान छ ।

सोही प्रावधानअनुसार श्रीलङ्का सेमिफाइनलमा प्रवेश गर्दा नेपाल प्रतियोगिताबाट बाहिरिएको हो । हालको ट्वान्टी-२० विश्व वरियतामा श्रीलङ्का नवौं तथा नेपाल १४औं स्थानमा छन् ।

नागोयामा शनिबारदेखि निरन्तर वर्षा भइरहेको छ । वर्षाका कारण शनिबार नेपाल र जापानबीचको समूह चरणको खेलसमेत प्रभावित भएको थियो ।

समूह चरणको पहिलो खेलमा नेपालले अफगानिस्तानलाई पाँच विकेटले पराजित गरेको थियो । समूह चरणको अन्तिम खेलमा जापानसँग अङ्क बाँड्नु परेपछि नेपाल समूहबाट अघि बढेको थियो । रासस

# एसियाडको कास्य विजेता नेपाली कबड्डी टोली बैंकक एयरपोर्टमै अलपत्र



**टुडे समाचारदाता**

काठमाण्डु । जापानका नागोयामा जारी एसियाली खेलकुद (एसियाड) मा कास्य पदक जितेर नेपाल फर्किएको राष्ट्रिय महिला कबड्डी टोली र पुरुष टोली थाइल्यान्ड बैंकक एयरपोर्टमा अलपत्र परेका छन् ।

आइतबार राती ९ बजे नेपाली टोली जापानबाट नेपालको लागि उडेको थियो । यसपछि टोली बैंकक पुगेको थियो । बैंककमा पुगेको २४ घण्टा बित्दा समेत टोलीको नेपाल आउने कुनै जानकारी नभएको टोलीका एक सदस्यले जानकारी दिइन् ।

३ देखि यात्रामा रहेको कठिनाइ भएको, बस्ने र खानेमा समस्या भैरहेको बताइन्। खेलाडीहरुले कुर्सी र चिसो भुईमा सुतिरहेको समेत बताइन् । यो विषयमा सम्बन्धित निकायलाई पनि जानकारी दिएको बताइएको छ ।

एसियाड खेलेर फर्केको कराते टोली पनि बैंककमा लामो समय बिताएर आज साँझ काठमाडौं उडेको छ । कबड्डी टोली हिजो र कराते टोली आज काठमाडौं पुग्ने टिकट थियो । महिला र पुरुष २४ खेलाडी , ४ प्रशिक्षक र २ व्यवस्थापकगरि कबड्डी टोलीमा ३० जना छन् ।

थाइल्याण्डमा गएको बाढीले एयरपोर्ट अस्तव्यस्त भएको अन्तराष्ट्रिय मिडियाले जनाएको छ ।

# इटाली र स्विडेनले जिते

**टुडे समाचारदाता**

काठमाण्डु । युइएफए नेसन्स लिगअन्तर्गत सोमबार राति भएका खेलमा इटाली, स्विडेन, बोस्निया एन्ड हर्जगोभिना, मोन्टेनेग्रो र फ्रान्सले जित्न सफल भएको छ ।

इटालीले टर्कीलाई ४-१ ले हराउँदा स्विडेनले पोल्यान्डलाई ३-१ तथा बोस्निया एन्ड हर्जगोभिनाले रोमानियालाई ४-२ ले पराजित गरेको थियो ।

इटालीले टर्कीमाथि ४-१ को प्रभावशाली जित निकालेको छ । इटालीका लागि अलेसान्द्रो बास्तोनीले नवौं मिनेटमा सुरुवाती गोल गरेका थिए । डेभिडे फ्राटेसीले २९औं मिनेटमा अग्रता दोब्बर बनाए भने डेब्यु खेल खेलिरहेका माइकल कायोडेले ३४औं मिनेटमा तेस्रो गोल थपे। टर्कीका बारिस अल्पर यिल्माजले ४७औं मिनेटमा गोल फर्काए। त्यसको केही मिनेटमै पियो एस्पोसितोले ५०औं मिनेटमा हेडमार्फत गोल गर्दै इटालीको ४-१ को जित पक्का गरेको थियो ।

स्विडेनले पोल्यान्डलाई ३-१ ले हरायो। बेन्जामिन न्यग्रेनले आठौं मिनेटमा स्विडेनलाई अग्रता दिलाएको थियो ।

पोल्यान्डका सेबास्टियन सिमान्स्कीले ४३औं मिनेटमा बराबरी गरेको थियो ।

यासिन अयारीले ६४औं मिनेटमा स्विडेनलाई पुनः अगाडि बढाए। भिक्टर ग्योकेरेसले ७२औं मिनेटमा तेस्रो गोल थपेको थियो ।

बोस्निया एन्ड हर्जगोभिनाले रोमानियालाई उसकै मैदानमा ४-२ ले पराजित गरेको थियो ।

# प्रधानमन्त्री बर्नहमद्वारा बेलायतका लागि 'विशेष' योजना ल्याउन लागेको दावी

एएफपी । बेलायतका प्रधानमन्त्री एन्डी बर्नहमले मङ्गलबार आफ्नो लेबर पार्टीको वार्षिक भेलामा नेताको रूपमा पहिलो भाषण दिँदै 'बेलायतलाई पहिलेको अवस्थामा फकाउने' योजना प्रस्तुत गर्नुहुने स्थानीय सञ्चारमाध्यमहले जनाएका छन् ।



उहाँले राजनीतिज्ञहरूले 'सामान्यतया टार्ने' मुद्दाहरू समाधान गर्ने योजना सार्वजनिक गर्न लागेका उहाँ निकट नेताहरूले दावी गरेका छन् ।

प्रधानमन्त्रीका रूपमा केयर स्टार्मरको दुई वर्षे कार्यकाल अन्त्य गरी सत्तामा पुगेका ५६ वर्षीय म्यानचेस्टरका पूर्व नगर प्रमुख बर्नहमले बेलायती राजनीतिमा नयाँ तरङ्ग ल्याउनुभएको छ । उहाँ जुलाईमा डाउनिङ स्ट्रिट (बेलायती प्रधानमन्त्री)मा निर्वाचित हुनुभएको थियो ।

सरकारको आर्थिक अवस्था निकै कडा भएको बेला देशको पुनःऔद्योगिकीकरण र निःशुल्क सामाजिक हेरचाहजस्ता महत्वाकांक्षी र खर्चिलो वाचा कसरी पूरा गर्ने भन्ने स्पष्ट पार्न उहाँमा दबाब छ ।

एक दशकभित्र बेलायतको सातौँ प्रधानमन्त्री बनेका बर्नहमले लिभरपुलमा आफ्नो मुख्य सम्बबोधनमार्फत 'एक पुस्तामा जनतालाई दिइएको भन्दा बढी गम्भीर योजना' प्रस्तुत गर्नुहुने लेबर पार्टीले प्रेस विज्ञप्तिमा जनाएको छ ।

"म स्वीकार्छु,सबैजना यसका हरेक भागसँग सहमत हुनेछैनन्, तर म विश्वास गर्छु, यसले बेलायतलाई पूर्व अवस्थामा फर्काउन सक्छ," सम्बोधन पूर्व जारी गरिएका भनाइमा प्रधानमन्त्रीले बताउनुभएको छ ।

लेबरको विज्ञप्तिअनुसार बर्नहमले दिउँसो २ बजे लेबर सांसद र कार्यकर्ताहरूलाई सम्बोधन गर्दा 'देशका लागि स्पष्ट दिशा' प्रस्तुत गर्नुहुनेछ ।

उहाँले 'धेरै समयदेखि बेवास्ता गरिएका कठिन मुद्दाहरू' माथि ध्यान दिनुहुने विज्ञप्तिमा उल्लेख गरिएको छ । त्यसमा सामाजिक हेरचाह, युवा बेरोजगारीको उच्च स्तर र ' ऊर्जा, पानी र आवासमा बढी सार्वजनिक नियन्त्रणको आवश्यकता' समावेश छ ।

उहाँले बेलायतको विद्युत् ग्रिडमा लगानी गर्न नयाँ सरकारी निकाय पनि घोषणा गर्ने र यसले उच्च ऊर्जा मूल्य घटाउने प्रयास हुने बताइएको छ ।

जुलाई २० मा प्रधानमन्त्री बनेपछि (नौ वर्षपछि संसदमा फर्केको केही हप्तामै) बर्नहमले बढी आशावादी स्वर अपनाउने प्रयास गर्नुभएको छ।

मध्यपूर्व र युक्रेनका युद्धले बढाएको जीवनयापनको दबाबबाट जनतालाई केही 'राहत महशुस गर्ने ठाउँ' दिन उहाँले प्रयास गरिरहनुभएको छ र उहाँको मैत्रीपूर्ण व्यवहारले सार्वजनिक छवि बलियो बनाएको छ ।

मङ्गलबारको नयाँ युगोभ सर्वेक्षणले लेबरलाई प्रतिस्पर्धी रिफर्म युकेभन्दा पछाडि देखाएको थियो । सर्वेक्षणमा लेबरको मत प्रतिशत २४ छ भने कट्टर दक्षिणपन्थी, आप्रवासन विरोधी दलको २५ प्रतिशत छ ।

# युक्रेनी विश्वविद्यालयद्वारा अनलाइन कक्षा जारी गर्न मातहतका शैक्षिक संस्थालाई निर्देशन

एएफपी । रूसले दिनको समयमा पनि आक्रमण गरेको भन्दै युक्रेनको प्रमुख विश्वविद्यालयले मङ्गलबार विद्यार्थीहरूलाई अर्को सूचना जारी नहुँदासम्म क्याम्पसमा नजान र घरमा नै रहन आग्रह गरेको छ ।

किएभमा दिनको समयका रूसी ड्रोन आक्रमण बढेको कारण विश्वविद्यालयले मातहतका संस्थाहरूलाई अनलाइन कक्षामार्फत् पठनपाठनको व्यवस्था गर्नसमेत निर्देशन दिएको छ ।

किएभको तारास शेभचेन्को राष्ट्रिय विश्वविद्यालयले भनेको छ, "सुरक्षा स्थिति बिग्रिएको कारण कम्तीमा अक्टोबर १६ सम्म शैक्षिक तालिकाको ढाँचामा परिवर्तन हुनेछ ।"

सोमबार ड्रोन आक्रमण भई एक जनाको मृत्यु भएको विश्वविद्यालय अन्तर्गतको सबैभन्दा धेरै विद्यार्थी रहेको प्रमुख क्याम्पस युक्रेन साइन्स एकेडेमी नजिक पर्छ ।

यो आक्रमण किएभको केन्द्रलाई लक्षित गर्दै रूसी ड्रोन र मिसाइल आक्रमणको बढ्दो अभियानको पछिल्लो घटना हो । यसअघि किएभलाई देशको सबैभन्दा सुरक्षित क्षेत्र मानिन्थ्यो ।



हप्ताौंदेखि युक्रेनमा चौबीसै घण्टा ड्रोन र मिसाइल आक्रमणले घण्टौं लामो एयर चेतावनीको घण्टी (साइरन) बज्दै आएको छ । यसले सहरका करिब तीस लाख बासिन्दाको दैनिक जीवनमा बाधा पुर्‍याएको छ ।

किएभले यी आक्रमण रोक्नका लागि महत्त्वपूर्ण वायु रक्षा प्रणालीहरूको आपूर्ति बढाउन पश्चिमी सहयोगीहरूलाई आग्रह गर्दै आएको छ ।

रूसले नयाँ छिटो चल्ने जेटबाट सञ्चालित ड्रोनहरू प्रयोग गर्न थालेको छ, जुन पहिलेका संस्करणभन्दा युक्रेनी सेनाले रोक्न गाह्रो छ ।

# यूएनएचसीआरमा आर्थिक संकट, ८३ लाख विस्थापित प्रभावित हुने जोखिम

एएफपी । संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी निकाय (यूएनएचसीआर) ले पर्याप्त बजेट अभावका कारण विश्वभरका करिब ८३ लाख शरणार्थी तथा अन्य जबर्जस्ती विस्थापित व्यक्ति अत्यावश्यक सहायता र संरक्षण सेवाबाट वञ्चित हुन सक्ने चेतावनी दिएको छ।

यूएनएचसीआरका अनुसार निरन्तर बढिरहेको आर्थिक संकटका कारण शरणार्थी, आन्तरिक रूपमा विस्थापित व्यक्ति (आईडीपी) र राज्यविहीन मानिसलाई उपलब्ध गराइँदै आएको संरक्षण तथा सहायता प्रणाली कमजोर बन्दै गएको छ।



संस्थाले यस वर्ष शरणार्थी तथा विस्थापितको संरक्षणका लागि ८.५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरेको छ। तर, जुलाईको अन्त्यसम्म २.७ अर्ब डलर अर्थात् आवश्यक रकमको ३२ प्रतिशत मात्र प्राप्त भएको छ।

यूएनएचसीआरका अनुसार सन् २०२४ मा संस्थासँग उपलब्ध बजेट ५.२ अर्ब डलर रहेकोमा सन् २०२५ मा घटेर ३.९ अर्ब डलर मा सीमित भएको थियो।

यूएनएचसीआरकी बाह्य सम्बन्ध प्रमुख डोमिनिक हाइडले संरक्षण सेवामा निरन्तर कटौती गर्न नसकिने बताउँदै बजेट निश्चित सीमाभन्दा तल झरेमा सेवा कम मानिससम्म पुग्ने मात्र नभई सम्पूर्ण संरक्षण प्रणाली नै प्रभावित हुन सक्ने चेतावनी दिएकी छन् । बजेट अभावको असर विभिन्न देशमा देखिन थालेको यूएनएचसीआरले जनाएको छ। चाडमा ३ लाख १९ हजार शरणार्थीको दर्ता प्रक्रियामा ढिलाइ भएको छ भने करिब २ लाख ३३ हजार बालबालिका बाल संरक्षण सेवाबाट वञ्चित हुने जोखिममा छन्।

त्यस्तै, इथियोपियाका केही क्षेत्रमा बाल संरक्षण सेवाको पहुँच ८५ प्रतिशतसम्म घटेको छ। सुडानमा यौन हिंसाबाट बचेका हजारौँ व्यक्ति तथा जोखिममा रहेका बालबालिकाले आवश्यक संरक्षण सेवा गुमाउन सक्ने चेतावनी दिइएको छ।

यूएनएचसीआरका अनुसार सन् २०२५ को अन्त्यसम्म विश्वभर ११ करोड ७८ लाख मानिस जबर्जस्ती विस्थापित भएका थिए। यो संख्या सन् २०२४ को १२ करोड ३२ लाख को तुलनामा घटे पनि ऐतिहासिक रूपमा उच्च स्तरमै रहेको छ।

बजेट संकटका कारण यूएनएचसीआरले सन् २०२५ मा करिब ५ हजार कर्मचारीको पद कटौती गरेको थियो, जुन संस्थाको कुल जनशक्तिको एक चौथाइभन्दा बढी हो ।

झाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो,
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
राजा, रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो,
आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
१९९८/०१/१७

स्वर्गारोहण
२०८३/०६/०३

स्व. शिवजी साह

शहिद नगरपालिका–३ निवासी समाजसेवी एवं हाम्रा अत्यन्तै मिलनसार व्यावसायिक मित्र श्री प्रदीप साहज्यूका पूजनीय पिता स्वर्गीय शिवजी साहको आज तेह्रौँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

साथै, यस दुःखद घडीमा शोकसन्तप्त सम्पूर्ण परिवारजनलाई यो अपूरणीय क्षति सहन गर्ने धैर्य र शक्ति ईश्वरले प्रदान गरून् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौँ।

ओम शिवम् पाइप एण्ड फिटिङ्ग परिवार

# बाढी-पहिरोबाट अवरुद्ध एनटिसीको सेवा शीघ्र सञ्चालनमा ल्याउन सञ्चारमन्त्री डा तिमिल्सिनाको निर्देशन

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बाढी तथा पहिरोका कारण अवरुद्ध नेपाल टेलिकमको दूरसञ्चार सेवा शीघ्र पुनःसञ्चालनमा ल्याउन निर्देशन दिनुभएको छ।

सञ्चार मन्त्रालयका सचिव राजेन्द्रप्रसाद पौडेल, नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडि (अर्याल) लगायतको नेपाल टेलिकमको उच्च व्यवस्थापनसँग मंगलबार मन्त्रालयमा भएको छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाले बाढी तथा पहिरोबाट टेलिकमका टावर तथा साइटमा पुगेको क्षति, अवरुद्ध दूरसञ्चार सेवा, हालसम्मको पुनःस्थापना प्रगति तथा बाँकी कामबारे विस्तृत जानकारी लिनुभयो।



छलफलमा उहाँले प्राकृतिक विपत्तिका कारण सञ्चार सेवा अवरुद्ध हुँदा प्रभावित नागरिक, उद्धार तथा राहतमा खटिएका सुरक्षाकर्मी, सरकारी निकाय तथा अन्य सरोकारवाला निकायलाई समेत कठिनाइ हुने भएकाले सञ्चार सेवा पुनःस्थापनालाई उच्च प्राथमिकतामा राख्न निर्देशन दिनुभयो।

सञ्चारमन्त्री डा तिमिल्सिनाले प्रभावित क्षेत्रको भौगोलिक अवस्था, सडक तथा विद्युत् संरचनामा भएको क्षति र उपकरण तथा प्राविधिक जनशक्ति परिचालनमा हालसम्म भएगरेका कामबारे समेत जानकारी लिनुभएको थियो। उहाँले तत्काल विद्युत् आपूर्ति पुर्‍याउन नसकिने स्थानमा वैकल्पिक उपाय अपनाएर भए पनि सेवा सञ्चालनमा ल्याउन टेलिकम व्यवस्थापनलाई निर्देशन दिनुभयो।

छलफलमा नेपाल टेलिकमका प्रमुख सञ्चालन अधिकृत प्रेमप्रसाद सिलवालले बाढी तथा पहिरोका कारण टेलिकमका विभिन्न साइटमा पुगेको क्षति र सेवा पुनःस्थापनाका लागि भइरहेको कामबारे जानकारी गराउनुभयो। उहाँका अनुसार अधिकांश प्रभावित टावरमा विद्युत् आपूर्ति अवरुद्ध हुँदा टेलिफोन तथा इन्टरनेट सेवा प्रभावित भएको थियो। सडक तथा अन्य भौतिक पूर्वाधारमा समेत क्षति पुगेका कारण केही स्थानमा प्राविधिक टोली तथा आवश्यक उपकरण लैजान कठिनाइ भएको छ।

विद्युत् आपूर्ति तत्काल पुनःस्थापना गर्न सम्भव नभएका स्थानमा हेलिकप्टरमार्फत जेनेरेटर तथा आवश्यक उपकरण ढुवानी गरी सेवा सञ्चालनमा ल्याउनुपर्ने अवस्था रहेको प्रमुख सञ्चालन अधिकृत सिलवालले जानकारी गराउनुभयो। केही स्थानमा सेवा सञ्चालनका लागि आवश्यक सामग्रीसँगै प्राविधिक जनशक्तिसमेत हेलिकप्टरमार्फत लैजानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

नेपाल टेलिकमले अवरुद्ध सेवा पुनःसञ्चालनका लागि आवश्यक जनशक्ति तत्काल परिचालन गरेको र प्रभावित साइटलाई प्राथमिकताका आधारमा पुनःसञ्चालन गरिरहेको जनाएको छ। सडकमार्गबाट पुग्न नसकिने तथा विद्युत् आपूर्ति तत्काल सम्भव नभएका स्थानमा वैकल्पिक व्यवस्था गरी सेवा सञ्चालनमा ल्याउने काम भइरहेको पनि टेलिकमले जनाएको छ।

**एक हजार दुई साइट पुनःसञ्चालन**

टेलिकमका अनुसार यही असोज ८ देखि ११ गतेसम्म देशका विभिन्न स्थानमा आएको बाढी तथा पहिरोका कारण विद्युत् आपूर्तिसमेत अवरुद्ध हुँदा एक हजार १३२ वटा टेलिफोन टावर प्रभावित भएका थिए। तीमध्ये हालसम्म एक हजार दुई वटा साइट पुनःसञ्चालनमा आइसकेका छन् भने १३० वटा साइट अझै सञ्चालनमा आउन सकेका छैनन्। सञ्चालनमा आउन नसकेका टेलिफोन टावरलाई शीघ्र सञ्चालनमा ल्याउनका लागि विद्युत् आपूर्ति, उपकरण, प्राविधिक जनशक्ति तथा ढुवानी व्यवस्थालाई प्रभावकारी रूपमा परिचालन गर्न सञ्चारमन्त्री डा तिमिल्सिनाले निर्देशन दिनुभएको हो।

टेलिकमले उपलब्ध गराएको विवरणअनुसार हाल म्याग्दीमा २४, रोल्पामा १९, मनाङमा १५, प्युठानमा १५, बागलुङमा १३, पाल्पामा ११, गुल्मीमा नौ, अर्घाखाँचीमा सात, दाङमा छ, मुस्ताङमा चार र पर्वतमा तीनवटा टेलिफोन टावर सञ्चालनमा आउन बाँकी छन्। त्यस्तै, कपिलवस्तु, नवलपरासी, गोरखा, लमजुङ, रूपन्देही, स्याङ्जालगायत जिल्लामा पनि केहि टेलिफोन टावर अझै सञ्चालनमा आउन सकेका छैनन्। प्रभावित जिल्लाका बाँकी साइटमा समेत प्राविधिक टोली परिचालन गरी सेवा पुनःसञ्चालनको काम भइरहेको नेपाल टेलिकमले जनाएको छ। रासस

# सुनचाँदीका गरगहना बिक्रीमा लाग्ने सीप प्रवर्द्धन शुल्कलाई व्यवस्थित गर्न कार्यविधि जारी

काठमाण्डु । आन्तरिक राजस्व विभागले सुनचाँदीका गरगहना र वस्तुको बिक्रीमा लाग्ने सीप प्रवर्द्धन शुल्कको प्रशासनलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन 'सीप प्रवर्द्धन शुल्कसम्बन्धी कार्यविधि, २०८३' जारी गरेको छ।



आर्थिक ऐन, २०८३ को दफा १४ मा नेपालमा उपभोक्तालाई सुन, चाँदी तथा तिनका गरगहना र वस्तु बिक्री गर्दा बिक्री मूल्यमा सीप प्रवर्द्धन शुल्क लगाई असुल गर्ने व्यवस्था राखिएको थियो। सोही व्यवस्थाअनुसार विभागले शुल्कको प्रशासन, असुली, दाखिला, कारोबारको लेखाङ्कन, विवरण पेस, परीक्षण तथा पुनरावेदनसम्बन्धी व्यवस्था समेटेर कार्यविधि जारी गरेको विभागका सूचना अधिकारी केशव रघुवंशीले जानकारी दिनुभयो।

कार्यविधिअनुसार नेपालमा उपभोगका लागि बिक्री हुने सुन वा सुनका गरगहना तथा वस्तु र चाँदी वा चाँदीका गरगहना तथा वस्तुको अन्तिम उपभोक्तालाई बिक्री गर्दाको बिक्री मूल्यमा शून्य दशमलव पाँच प्रतिशत सीप प्रवर्द्धन शुल्क लाग्नेछ। यस्तो शुल्क वस्तु बिक्री गर्दाकै समयमा असुल गर्नुपर्नेछ। कार्यविधिले बिजक जारी गर्नेदेखि कारोबारको लेखाङ्कन र मासिक विवरण पेस गर्नेसम्मका व्यवस्था पनि गरेको छ। सीप प्रवर्द्धन शुल्क लाग्ने कारोबार गर्ने व्यवसायीले तोकिएको ढाँचामा बिजक जारी गर्नुपर्नेछ। कारोबारको लेखाङ्कन प्रोद्भावी (एक्रुअल) आधारमा गर्नुपर्ने तथा प्रत्येक महिनाको कारोबार भएको वा नभएको जे भए पनि अर्को महिनाको २५ गतेभित्र सम्बन्धित राजस्व कार्यालयमा मासिक विवरण पेस गर्नुपर्नेछ।

> कार्यविधिअनुसार प्रत्येक सुनचाँदी व्यवसायीले आफ्नो पसलमा तोकिएको ढाँचाबमोजिमको सूचना पाटीसमेत राख्नुपर्नेछ । त्यस्तै, व्यवसायीले उपभोक्ताबाट सङ्कलन गरेको सीप प्रवर्द्धन शुल्क सम्बन्धित कार्यालयको कोड तथा राजस्व शीर्षक नम्बर ११४१३ मा अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्नेछ । तोकिएको समयभित्र शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था गरिएको छ ।

तोकिएको समयभित्र विवरण पेस नगरेमा लाग्ने सीप प्रवर्द्धन शुल्कको प्रतिदिन शून्य दशमलव ०५ प्रतिशत वा प्रतिविवरण रु एक हजारमध्ये जुन बढी हुन्छ, सोहीबराबरको थप शुल्क लाग्ने व्यवस्था गरिएको छ। व्यवसायीले आफ्नो पसलबाट गरगहना निर्माणका लागि कालीगढकोमा तथा कालीगढबाट व्यवसाय सञ्चालन भएको स्थानमा सुन, चाँदी तथा सुनचाँदीका गरगहना वा वस्तु ओसारपसार गर्दा सम्बन्धित कार्यालयको छाप लागेको तोकिएको ढाँचाको चलान साथमा राख्नुपर्नेछ। त्यस्तो गरगहना निर्माण गर्ने कालीगढले अनिवार्य रूपमा स्थायी लेखा नम्बर लिएको हुनुपर्नेछ।

कार्यविधिले पुरानो सुन, चाँदी तथा सुनचाँदीका गरगहना खरिद गरी सोही ग्राहकलाई नयाँ गरगहना बिक्री गर्ने अवस्थालाई समेत स्पष्ट गरेको छ। ग्राहकबाट पुरानो गरगहना खरिद गरी सोही ग्राहकलाई पुरानो गरगहनाको तौल बराबरको मूल्यसम्म नयाँ गरगहना बिक्री गर्दा सीप प्रवर्द्धन शुल्क लाग्ने छैन। तर पुरानो तौलमा थप गरी नयाँ गरगहना बिक्री गरेमा थप गरिएको सुन वा चाँदीको मूल्य तथा सम्पूर्ण ज्याला-जर्तीमा सीप प्रवर्द्धन शुल्क असुल गर्नुपर्नेछ।

सर्वसाधारणले व्यवसायीलाई सुन, चाँदी वा सुनचाँदीका गरगहना बिक्री गर्दा आफ्नो परिचय खुल्ने नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र वा नेपाल सरकारबाट जारी अन्य परिचयपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। त्यसरी बिक्री गर्ने सुनचाँदी वा गरगहना आफूले खरिद गरेको प्रमाणसमेत पेस गर्नुपर्ने व्यवस्था गरिएको छ। विदेशबाट ल्याइएको सुनचाँदी भएमा त्यसको प्रमाणसमेत देखाउनुपर्नेछ।

कार्यविधिअनुसार प्रत्येक सुनचाँदी व्यवसायीले आफ्नो पसलमा तोकिएको ढाँचाबमोजिमको सूचना पाटीसमेत राख्नुपर्नेछ। त्यस्तै, व्यवसायीले उपभोक्ताबाट सङ्कलन गरेको सीप प्रवर्द्धन शुल्क सम्बन्धित कार्यालयको कोड तथा राजस्व शीर्षक नम्बर ११४१३ मा अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्नेछ। तोकिएको समयभित्र शुल्क दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था गरिएको छ।

कारोबारको परीक्षणका क्रममा सीप प्रवर्द्धन शुल्क छली गरेको पाइएमा कर अधिकृतले शुल्क निर्धारण गर्न सक्ने व्यवस्था कार्यविधिमा छ। कुनै व्यवसायीले शुल्क असुल नगरेमा, बिक्री कारोबार खण्डीकरण गरेमा, वास्तविक कारोबारभन्दा कम कारोबार घोषणा गरी न्यून शुल्क असुल गरेमा वा अन्य कुनै माध्यमबाट शुल्क छली गरेको पाइएमा निर्धारित शुल्कमा २५ प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ। रासस

# पूर्वाञ्चल विश्वविद्यालय सभा : एक अर्ब ९९ करोड स्वीकृत, एआई र चिकित्सा शिक्षालाई प्राथमिकता

काठमाण्डु । पूर्वाञ्चल विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु एक अर्ब ९९ करोड १६ लाख ९७ हजारको बजेट स्वीकृत गरेको छ। सिंहदरबारस्थित शिक्षा मन्त्रालयमा शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलको अध्यक्षतामा बसेको विश्वविद्यालयको ४३औँ सभाले रजिस्ट्रार प्रा डा पन्नाबहादुर थापाले प्रस्तुत गरेको आय-व्यय विवरण तथा नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गरेको हो।



विश्वविद्यालयले आगामी वर्ष शैक्षिक रूपान्तरण, प्रविधिमैत्री पूर्वाधार र चिकित्सा शिक्षाको विस्तारलाई मुख्य प्राथमिकतामा राखेको छ। विश्वविद्यालयका अनुसार गोठगाउँस्थित ८०५ बिघा जग्गामा गुरुयोजनाअनुसार एकीकृत भौतिक संरचना विकास गरिनेछ।

त्यस्तै, कृत्रिम बुद्धिमत्ता (एआई), डाटा साइन्स र साइबर सेक्युरिटीलगायतका क्षेत्रमा नयाँ तथा विशिष्टीकृत पाठ्यक्रम तयार गरी सञ्चालन गर्ने योजना अघि सारिएको छ। चिकित्साशास्त्र र इन्जिनियरिङतर्फ पनि विशिष्टीकृत पाठ्यक्रम विकास गर्ने नीति विश्वविद्यालयले लिएको छ।

विश्वविद्यालयका प्रशासनिक तथा शैक्षिक सेवाहरूलाई एकीकृत डिजिटल इकोसिस्टममार्फत सञ्चालन गरी सेवा प्रवाहलाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य राखिएको छ। चिकित्सा शिक्षातर्फ गोठगाउँ परिसरमा निर्माणाधीन १०० शय्याको मातृ-शिशु अस्पताल निर्माण सम्पन्न गर्ने योजना छ। साथै, कोशी अस्पतालसँगको सहकार्यमा चिकित्सा शिक्षाको गुणस्तर सुदृढ गर्ने कार्यक्रम अघि बढाइएको छ।

सभामा बोल्दै शिक्षामन्त्री पोखरेलले बदलिँदो प्रविधि र विश्वव्यापीकरणको मागअनुसार उच्च शिक्षालाई रूपान्तरण गर्नुपर्ने बताउनुभयो। विश्वविद्यालयले विद्यार्थीलाई रोजगारी खोज्ने जनशक्तिमा मात्र सीमित नराखी रोजगारी सृजना गर्न सक्ने उद्यमशील जनशक्तिका रूपमा विकास गर्नुपर्नेमा उनले जोड दिनुभयो।

उहाँले पारित नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना, जिम्मेवारी र समयसीमा निर्धारण गर्न निर्देशनसमेत दिनुभयो।

शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले बजेटको प्रभावकारी कार्यान्वयन गर्दै शैक्षिक प्रणाली सुधारमा केन्द्रित हुनुपर्ने बताउनुभयो। अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले विश्वविद्यालयले प्रस्तुत गरेको बजेट तथा नीति कार्यक्रम सकारात्मक रहेको बताउनुभयो।

सभा बैठकमा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झा, विभिन्न विश्वविद्यालयका उपकुलपति, मन्त्रालयका उच्च अधिकारीलगायतको उपस्थिति थियो।

विश्वविद्यालयले जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विशेष अनुसन्धान केन्द्र स्थापना गर्ने, विदेशी विश्वविद्यालयसँग संयुक्त डिग्री तथा विद्यार्थी आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने र पछाडि परेका वर्गका लागि समावेशी छात्रवृत्तिको पहुँच विस्तार गर्ने कार्यक्रम पनि अघि सारेको छ।

सभाले कार्यकारी परिषद्का लागि तीन वर्षका लागि तीन जनालाई मनोनयन गर्ने निर्णयसमेत गरेको छ। डीनबाट चिकित्साशास्त्र सङ्कायकी डीन प्रा डा परिचा उपाध्याय ढुङ्गेल र कला, कानुन तथा शिक्षाशास्त्र सङ्कायका डीन प्रा डा कृष्णप्रसाद पाण्डे तथा शिक्षकबाट स्कुल अफ म्यानेजमेन्ट, विराटनगरमा कार्यरत प्राध्यापक मोहनबहादुर बस्नेतलाई मनोनयन गरिएको विश्वविद्यालयले जनाएको छ।रासस

# वैकल्पिक ऊर्जा केन्द्रद्वारा ४५ इन्जिनियरलाई ऊर्जा सञ्चय प्रणालीसम्बन्धी तालिम

काठमाण्डु । नेपालका उद्योगमा सौर्य ऊर्जा प्रवर्द्धन र ब्याट्री सञ्चय प्रणालीलाई सुरक्षित, प्रभावकारी र दिगो बनाउने हेतुले त्यससम्बन्धी विषयमा पाँचदिने तालिम सुरु भएको छ।

तालिममा नेपालमा सौर्य र ब्याट्री सञ्चय प्रणालीको वर्तमान अवस्था, औद्योगिक कार्बन उत्सर्जन कटौती, ऊर्जा व्यवस्थापन, ग्रिड सेवा, ब्याट्री प्रविधि, सुरक्षा मापदण्ड, साइबर सुरक्षा, वातावरणीय तथा सामाजिक सुरक्षाजस्ता महत्वपूर्ण विषयमा सहभागीलाई ज्ञान दिइने छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एइपिसी)द्वारा सञ्चालित तालिममा ४५ जना इन्जिनियरको सहभागिता छ।

'औद्योगिक क्षेत्रका लागि सोलार पिभी तथा ब्याट्री ऊर्जा भण्डारण प्रणालीः डिजाइन, जडान र सुरक्षा'सम्बन्धी उच्चस्तरीय उक्त तालिम प्राक्टिकल एक्सन र घामपावर नेपालको सहकार्यमा भएको हो।

तालिममा देशभरका निजी क्षेत्र, शैक्षिक तथा अनुसन्धान संस्थान र सम्बन्धित सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधि सहभागिता छ। तालिमका अवसरमा सैद्धान्तिक ज्ञानका अतिरिक्त सहभागीलाई वास्तविक औद्योगिक परिदृश्यमा आधारित समूहगत अभ्यास र क्षेत्रीय अवलोकन भ्रमणमार्फत व्यावहारिक अनुभव गराइने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जनाएको छ।

नेपालले स्वच्छ ऊर्जा विस्तार, सुरक्षा तथा हरित औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको सन्दर्भमा सौर्य ऊर्जा प्रयोगका माध्यमद्वारा समग्ररुपमा उर्जाको खपत घटाउने तथा विद्युत् आपूर्ति भरपर्दो तुल्याउने केन्द्रले अपेक्षा गरेको छ।

जलवायुजन्य विपद्ले ऊर्जा पूर्वाधारको जोखिमलाई रसुवा बाढीले उजागर गरेको सन्दर्भमा केन्द्रले जलविद्युत्मा आधारित उर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधार नदी प्रणालीसँग जोडिएकाले मनसुनजन्य घटनाको जोखिमको समेत विश्लेषण गरिनुपर्ने आवश्यकता औँल्याएको छ। रासस


## भूमि प्रशासन कार्यालय गौर, रौतहट

**नामसारी सम्बन्धी हकदाबी बारे ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला रौतहट साविक गा.वि.स.मटिया वडा ७ हाल ईशनाथ ना.पा.-४ मा बस्ने भोला मियाको नाति लतिफ मियाको छोरा मो. सेराज मिया दर्जीले आफ्नो वाजे नाता पर्ने भोला मियाको नाउँमा दर्ता कायम रहेको जग्गा जि.रौ.गा.वि.स.मठिया वडा नं.५ किता नं.६०९ ज.वि.०-०-६ जग्गा नामसारी गरी पाउँ भनी माँग गरेकोमा मोठ भिडान हुदाँ भोला मियाँको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते नरहेको दर्तावालाको नाम भोला मिया दर्जी मात्र उल्लेख रहेको तथा टेगानामा महुलीया मात्र उल्लेख रहेको भनी मोठ फार्टबाट लेखिआएको साथै ईशनाथ ना.पा.-४ को चलानी नं.५९७ मिति २०८२/०९/३० गतेको सिफारिसमा दर्तावाला भोला मियाँ मिति २०३३ सालमा प्रलोक भई निजको हक खाने हकदार १ एकमात्र जिनातुन पनि मिति-२०३३ साल अगावै प्रलोक भई निजको हक खाने हकदार २ दुई मात्र छोरा मध्ये जेटा लतिफ मिया दर्जी कान्छो समसुदिन भएकोमा समसुदिन अविवाहित अवस्थामा मिति २०३३ भन्दा अगावै प्रलोक भई र लतिफ मिया दर्जी मिति २०५८/०५/०१ गतेमा प्रलोक भई सिफारिस समेत भै आएकोमा सोको मांग बमोजिम नामसारी समबन्धि हकदावी वारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति-२०८३/०३/१६ गतेको आदेशा बमोजिम सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | बडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | मठिया | ५ | ६०९ | ०-०-६ | भोला मिया महुलिया ...... |



## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पुर्ण स्वामित्व भएको)

**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

**कनिका, ब्रान, भुस बिक्री गर्ने सम्बन्धमा गोप्य सिलबन्दी दरभाउपत्र आव्हानको सुचना।**

**पहिलो पटक प्रकाशित मिति २०८३/०६/१४ गते**

खाद्य व्यवस्था तथा व्यापार क.लि. प्रादेशिक कार्यालय जनकपुरधामको गोदाम मौज्दातमा रहेको १४०१३.०८ क्वी. सोना मंसुली धान कुटानी भई प्राप्त हुने उप-पदार्थहरु कनिका, ब्रान, भुस बिक्री गर्नुपर्ने भएकोले कम्पनीले तोकेको तपसिल बमोजिमको न्युनतम मूल्यमा नघट्ने गरी ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट उल्लेखित शर्तहरुको अधिनमा रहि ७ (सात) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन तपसिलमा उल्लेखित भएबमोजिम उक्त कार्य हुनेछ।

**तपसिलः**

| क्र.सं. | उप-पदार्थको नाम | ईकाइ | बिक्री हुने मोटामोटी परिमाण | कम्पनिले तोकेको न्युनतम मूल्य | दरभाउ पेश गर्दा राखुपर्ने धरौटी रकम | दरभाउ पत्र खरिद गर्ने खोल्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १. | कनिका | क्वी. | ५७५.०० | ३,८१०/- | ५४,७६८/७५ | कम्पनीको मधेश प्रादेशिक कार्यालय जनकपुरधाम, मुजेलिया |
| २. | ब्रान | क्वी. | ९४०.०० | ३,६२५/- | ८५,१८७/५० | |
| ३. | भुस | ट्रक (२४-२६) फिट लम्बाई | २५ ट्रक | ६२,०००/- | ३८,७५०/- | |

**शर्तहरुः-**

१. दरभाउपत्र फारम मिति २०८३/०६/२० गते सम्म पछि फिर्ता नहुने गरि प्रत्येक उप-पदार्थहरुका लागी छुट्टाछुट्टै दररभाउपत्र रु.१०००/-(रु एक हजार) मात्र का दरले कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। सो फारम यस कम्पनीको मधेश प्रादेशिक कार्यालयमा नगद जम्मा गरी प्राप्त गर्न सकिने छ वा यस कम्पनीको प्रधान कार्यालयको नाममा नेपाल बैंक लिमिटेड स्थित खाता नं ००२००१००५०२४२४००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी प्राप्त गर्न सकिने छ।
२. दरभाउपत्र दाताले दरभाउपत्र साथ कम्पनी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर वा स्थायी लेखा नं. फर्म रजिष्ट्रेशन प्रमाण पत्र, आ.व..२०८१/०८२ को कर चुक्ता वा( २०८२/८३ भएमा) प्रमाणपत्र प्रतिलिपि को कर चुक्ता प्रमाण पत्र प्रतिलिपि, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राख्नुपर्ने छ।
३. दरभाउपत्र साथ कनिका, ब्रान, भुसको आफुले कबोल गरेको मूल्यको २.५% (दुई दशमलब पाँच प्रतिशत) ले हुन आउने रकम यस कम्पनीको प्रधान कार्यालयको काठमाडौंको नेपाल बैंक लि.को नाममा रहेको च.हि.नं.००२००१००५०२४२४००००१ मा जम्मा गरेको सक्कलै भौचर वा यस प्रादेशिक कार्यालयमा नगद जम्मा गरेको नगदी रसिद सिलबन्दी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ।
४. दरभाउपत्र मिति २०८३/०६/२१ गते दिनको १२.०० बजे सम्म पेश गरी सक्नुपर्नेछ। पेश हुन आएको दरभाउपत्र सोहि दिनको २.०० बजे यस कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। उक्त समयमा दरभाउपत्र दाता उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा हुने छैन।
५. दरभाउपत्र दाताले कनिका र ब्रान प्रति क्वी. तथा भुस प्रति ट्रक (२४-२६) फिट लम्बाई का दरले दरभाउपत्र आफुले कबोल गर्न चाहेको दररेट अंक र अक्षरमा समेत प्रष्ट रुपमा उल्लेख गरेको हुनुपर्छ।
६. दरभाउपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा रहनेछ।
७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको सात दिन भित्र आफुले कबोल गरेको मूल्यले हुन रकमको बाँकी थप २.५% (दुई दशमलब पाँच प्रतिशत) धरौटी रकम सहित कुल ५% धरौटी रकम जम्मा गरी सम्झौता गर्न आउनु पर्ने छ।
८. रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्याता दिईने छैन।
९. कनिका, ब्रान, भुस जे जस्तो अवस्थामा रहेको छ। सोहि अवस्थामा उठाई लैजानुपर्ने छ।
१०. यस सम्बन्धी अन्य थप जानकारी लिन चाहेमा मो.न.९८५४०२७२४७ वा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**मधेश प्रादेशिक कार्यालय, जनकपुरधाम**
**मो.नं. ९८५४०२७२४७**

# सत्तारुढ दलको १५ बुँदे सहमतिपत्र कागजमै सीमित, एउटा पनि बुँदा भएन कार्यान्वयन

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सरकारलाई पारदर्शी, जनउत्तरदायी र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने उद्देश्यका साथ सत्ता साझेदार तीन ठूला दलहरू–नेकपा (एमाले), नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टी–बीच गत २०८३ जेठ १२ गते भएको १५ बुँदे सहमतिपत्र पूर्ण रूपमा अलपत्र परेको छ।

सरकार गठन र सञ्चालनका क्रममा सुशासन, वित्तीय अनुशासन र चुस्त प्रशासनको दाबी गर्दै राजनीतिक दलका शीर्ष नेताहरूले तामझामका साथ हस्ताक्षर गरेको उक्त सहमतिपत्रको एउटा पनि बुँदा कार्यान्वयन हुन नसकेपछि प्रदेश सरकारको कार्यशैलीमाथि गम्भीर प्रश्न उठेको छ।




सहमतिपत्रमा आम जनमानसमै सुशासनको प्रत्यक्ष अनुभूति गराउने मुख्य लक्ष्य राखिएको भए पनि व्यवहारमा भने त्यसको ठीक विपरीत दृश्य प्रकट भएको छ। प्रदेशमा नीतिगत सुधार र विकास निर्माणका कामलाई तीव्र गति दिनुको साटो मुख्यमन्त्रीदेखि मन्त्रीहरूसम्म आर्थिक लाभका लागि बिना कुनै मापदण्ड मनलाग्दी कर्मचारी सरुवा-बढुवाको खेलमा अल्झिएको गम्भीर आरोप लागेको छ।

मन्त्रालयहरूमा निरन्तर भइरहेको फेरबदल र कर्मचारी सरुवाको सरगर्मीका कारण अधिकांश ठाउँमा नयाँ कर्मचारीहरू हाजिर हुन सकेका छैनन्। यसै प्रशासनिक अस्तव्यस्तताका कारण धेरैजसो मन्त्रालयको खाता सञ्चालनसमेत हुन नसक्दा मधेश प्रदेशको आर्थिक कारोबार र दैनिक प्रशासनिक कामकाज पूर्ण रूपमा ठप्प बनेको छ। सरकारले आर्थिक मिलोमतोमा वरिष्ठ कर्मचारीलाई बसाएर कनिष्टबाट काम गराई रहेका छन्।

प्रमुख कुरा के हो भने यो अस्तव्यस्तताको विरोध बाहिरबाट मात्र नभई सरकारकै प्रमुख घटकभित्रबाट चर्किएको छ। सम्झौतापत्रमा हस्ताक्षर गरेका सत्ता साझेदार दल नेकपा (एमाले) मधेश प्रदेशका संसदीय दलका नेता एवं पूर्व मुख्यमन्त्री सरोज कुमार यादवले नै आफ्नै नेतृत्वको गठबन्धन सरकारविरुद्ध कडा मोर्चा खोलेका छन्।

कर्मचारी सरुवा गर्दा निश्चित मापदण्ड बनाएर मात्र गरिने सहमति भए पनि पैसाको चलखेलका आधारमा बिना मापदण्ड मनलाग्दी सरुवा गरिएको आरोप उनले निरन्तर लगाउँदै आएका छन्। सरकारले जनभावना अनुरूप काम गर्न नसकेको र सुशासनको न्यूनतम प्रत्याभूतिसमेत गराउन नसकेको भन्दै नेता यादवले पछिल्लो समय सरकारलाई दिएको समर्थन नै फिर्ता लिने चेतावनी दिएका छन्।

तीन दलबीच भएको राजनीतिक सहमतिका मुख्य-मुख्य बुँदाहरूको कार्यान्वयन अवस्था हेर्दा स्थिति झनै निराशाजनक देखिन्छ। बजेट निर्माण गर्दा विकासका योजनाहरूमा कम्तीमा एक करोडभन्दा कमको बजेट विनियोजन नगर्ने र टुक्रे योजना बन्द गर्ने सहमति भएको थियो। तर, वन तथा वातावरण मन्त्रालयले जारी गरेको बजेट कार्यान्वयन कार्यविधिमै उल्टै टुक्रे तथा उपभोक्ता समितिकै योजनाहरूलाई प्राथमिकता दिइएको पाइएको छ।

त्यसैगरी, प्रदेश मन्त्रिपरिषद्को आकार घटाएर मुख्यमन्त्रीसहित ९ मा सीमित गर्ने र असारभित्रै मन्त्रालयको बाँडफाँड मिलाउने भनिएकोमा चार महिना बितिसक्दा पनि सो बुँदा कार्यान्वयनको कुनै संकेतसम्म देखिएको छैन।

यस्तै, नयाँ आर्थिक वर्षको सुरुवात अर्थात् साउनदेखि नै खुल्ला तथा प्रतिस्पर्धी विधिबाट विकास निर्माणका योजना सञ्चालन गर्ने सहमतिपत्रमा उल्लेख थियो। तर, आर्थिक वर्ष सुरु भएको दुई महिना बितिसक्दा पनि कर्मचारी सरुवाको विवाद र प्रशासनिक अन्योलका कारण योजनाहरू सञ्चालन हुन सकेका छैनन् र निकट भविष्यमा पनि योजना अघि बढ्ने सम्भावना देखिएको छैन।

सरकारको काम कारबाहीलाई चुस्त र प्रभावकारी बनाउन मुख्यमन्त्रीको संयोजकत्वमा सत्ता साझेदार दलका नेताहरू रहने कार्यदल गठन गर्ने सहमति भए पनि अहिलेसम्म उक्त कार्यदलसमेत गठन हुन सकेको छैन।

सहमतिपत्रको सबैभन्दा महत्त्वपूर्ण मानिएको १३ औं बुँदामा सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूले आर्थिक सुशासन कायम गर्न नसके पदमुक्त गरिने कडा प्रावधान राखिएको थियो। तर, अहिले प्रदेशमा सुशासन त टाढाको कुरा, कुशासन र वित्तीय अराजकता हाबी हुँदासमेत जिम्मेवार पदमा बसेकाहरू पद जोगाउनमै मग्न रहेको भन्दै नागरिक समाज र सर्वसाधारणबाट तीव्र आलोचना भइरहेको छ।

तीन दलले केवल सत्ताको जोडघटाउ र कुर्सी जोगाउनका लागि मात्रै सम्झौताको नाटक गरेको र आम जनतालाई धोका दिएको भन्दै प्रदेशभर आक्रोश र असन्तुष्टि चुलिँदै गएको छ।

# अनुगमनको नाममा गृहमन्त्रीले व्यापारीलाई त्रसित बनाएको आरोप




टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले बजार अनुगमन कार्य सरोकारवाला निकायले मानवअधिकारको दृष्टिगत गर्दै व्यवसायी र जनता दुवैको हित देखेर समस्या नपर्ने गर्ने गर्नुपर्ने बताएका छन्।

जनकपुरधाममा मंगलबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को सहयोग तथा जनकपुर उद्योग वाणिज्य संघद्वारा आयोजित व्यवसायी र मानव अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख यादवले यस्तो बताएका हुन्।

उनले भने नागरिकको स्वास्थ्यको ख्याल गर्दै अनुगमन गर्नु राम्रो कुरा हो। तर अनुगमनको नाममा कुने निकायले जसको करबाट राज्य संचालन भइरहेको त्यसै व्यवसायीलाई त्रसित बनाउनु उचित होइन। कानूनी प्रक्रिया र मापदण्ड अनुसार व्यवस्थित तरिकाले अनुगमन गरिएपछि राम्रो हुनेछ। अनुगमनभन्दा पनि स्थानीय उत्पादनमा सबैले ध्यान दिन आवश्यक रहेकोमा जोड समेत उनले दिए।

स्वदेशमै उत्पादित खाद्य वस्तु तथा अन्य सामग्रीको प्रयोगलाई प्राथमिकता दिन आग्रह गर्दै उनले विदेशबाट प्याकेजिङ गरी आयात हुने खाद्य वस्तुको गुणस्तर र सुरक्षाबारे पर्याप्त जाँच हुन नसक्ने भएकाले त्यस्ता वस्तुको प्रयोगले स्वास्थ्यमा असर पर्न सक्ने बताए।

उनले भने 'अनुगमनलाई बलियो बनाउनुपर्छ, त्यसमा दुईमत छैन। तर अनुगमन गुणस्तरीय र उद्देश्यपूर्ण हुनुपर्छ,' उनले भने, 'म्याद गुज्रिएका सामान बिक्री भइरहेको छ कि छैन, खाद्य वस्तुमा मिसावट छ कि छैन भन्ने विषयमा अनुगमन केन्द्रित हुनुपर्छ, व्यापारीलाई दुःख दिने उद्देश्यले होइन।'

सभामुख यादवले राज्यका तर्फबाट उद्योगी-व्यवसायीले सम्मान र प्रोत्साहन नपाएसम्म मुलुकमा आर्थिक समृद्धि हासिल गर्न कठिन हुने बताए। उद्योग तथा व्यवसाय क्षेत्र मुलुकको अर्थतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै उनले व्यवसायीले तिर्ने राजस्वबाट राज्य सञ्चालन तथा विकास निर्माणमा महत्वपूर्ण योगदान पुग्ने बताए।

व्यवसायीले कानुनविपरीत काम गरेको प्रमाणित भए आवश्यक कारबाही गर्नुपर्ने र राम्रो काम गर्नेलाई प्रोत्साहन गर्नुपर्ने व्यवस्था सहितको कानून सरकारले ल्याउनुपर्ने आवश्यकता रहेको कुरामा जोड दिए।

कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले प्रदेश सरकारका गृहमन्त्री फकिरा महतो तथा कर्मचारीले व्यक्तिगत स्वार्थका लागि व्यापारीलाई तर्साउन खोजेको आरोप लगाएका छन्।

सरोकारवाला निकायलाई कुनै जानकारी नै नदिई मन्त्री महतोले पदीय दम्भमा यहाँका व्यापारीहरुलाई अनुगमनको नाममा अनावश्यक रुपमा बिनाको कुनै मापदण्डको मनपर्दी रुपमा जरिवाना गर्ने, व्यापारीलाई थुन्ने लगायतका क्रियाकलाप गरिरहेको आरोप समेत उनले लगाए।

उनले भने, 'अनुगमन भनेको सरोकारवाला सम्मिलित समितिले गर्ने हो। न कि पंचे शैलीमा प्रहरी प्रशासनलाई लिएर व्यापारीलाई त्रसित बनाउने गरी गर्ने हो। पद पाएपछि जे पनि गर्न कसैलाई छुट छैन, जुन व्यापारीको करबाट सरकार संचालन गरिरहेका छन गृहमन्त्री महतो त्यसै व्यापारीलाई जरिवानाको नाममा थर्काएर रकम असुल्ने परिपार्टी गलत हो। यसले प्रदेश सरकारप्रति नाकारात्मक असर परिरहेको छ।

उनले थप्दै भने 'व्यापार व्यवसाय मन्दा भएकाले एक त यहाँका व्यापारी आफै संकटमा छन्। यस्तो बेलामा सरकारले प्रोत्साहन गर्नुपर्नुको सट्टा अनुगमनको नाममा प्रहरी प्रशासनका बलमा गृहमन्त्रीले व्यापारी थर्काएर स्टन्टबाजी गर्नु राम्रो होइन, उनको यो हर्कतले उद्योगी व्यवसायीहरु पलाउन हुने अवस्था आइसकेको छ।'

# टिपरको ठक्करबाट बालिकाको मृत्यु

टुडे समाचारदाता

जनकपुरधाम। टिपरको ठक्करबाट जनकपुरधाम-ढल्केवर सडकखण्ड अन्तर्गत धनुषाको रमदैयास्थित राजदेव मन्दिर अगाडि एक चार वर्षीया बालिकाको मृत्यु भएको छ।

प्रदेश ०३-००१ ख ८५४५ नम्बरको टिपरको ठक्करबाट महोत्तरीको लोहारपट्टी नगरपालिका-३ निवासी रामनाथ रामकी चार वर्षीया छोरी नैनसी रामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन्।

सोमवार सांझ टिपरको ठक्ककरबाट गम्भीर घाइते भएकी नैनसीको उपचारका क्रममा मंगलवार मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीले टिपर चालक क्षिरेश्वरनाथ नगरपालिका-३ निवासी ३६ वर्षीय उमेश सिंह दनुवार र सहचालक महोत्तरीको भंगाहा नगरपालिका-९ निवासी १८ वर्षीय शम्भु कुमार यादवलाई नियन्त्रणमा लिएको छ।

घटनापछि आक्रोशित स्थानीयले टिपरमा तोडफोड समेत गरेका छन्। अवस्था तनावग्रस्त बन्दै गएपछि स्थिति नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी निरीक्षक केशव गौतमको कमान्डमा २५ जना र जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालको कमान्डमा ५० जनाको प्रहरी टोली घटनास्थलमा परिचालन गरिएको थियो।

दुर्घटनापछि बालिकालाई तत्काल जानकी मेडिकल कलेज रमदैयामा लगिएको थियो। त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि साँझ ७:५५ बजे न्युरो अस्पताल जनकपुरधाममा पठाएपनि बचाउन सकिएन।

# गौशालाका पूर्वमेयर महतो गरे रास्वपामा प्रवेश

टुडे समाचारदाता

जनकपुरधाम। महोत्तरीको गौशाला नगरपालिकाका पूर्वमेयर एवं नेकपाका नेता शिवनाथ महतो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन्।

महतोलाई रास्वपा सभापति रवि लामिछानेले पार्टीमा स्वागत गर्दै सदस्यता प्रदान गरेका हुन्। महतोसँगै महोत्तरीको औरहीका माओवादी नेता रामबाबु चौधरी पनि रास्वपामा प्रवेश गरेका छन्।



गौशालामा माओवादी केन्द्रका प्रभावशाली नेताका रूपमा परिचित महतो स्थानीय तहको निर्वाचनमा गौशाला नगरपालिकाको नेतृत्वसमेत गरिसकेका छन्। पछिल्लो समय उनी माओवादी केन्द्रको राजनीतिबाट बाहिरिँदै रास्वपामा आबद्ध भएका हुन्।

महोत्तरीमासंगठनविस्तारलाई तीव्रतादिइरहेकोरास्वपालेस्थानीय तहमा राजनीतिक प्रभाव राखेका नेताहरूलाई पार्टीमा भित्र्याउन थालेको छ। महतो र चौधरीको प्रवेशले गौशाला र औरहीमा रास्वपाको संगठन विस्तारमा थप प्रभाव पर्ने विश्वास गरिएको पार्टीका नेताहरूले बताएका छन्। माओवादी पृष्ठभूमिका नेताहरू रास्वपामा प्रवेश गरेसँगै महोत्तरीमा आगामी राजनीतिक समीकरण र दलहरूको संगठनात्मक गतिविधिमा समेत प्रभाव पर्न सक्ने देखिएको छ।

# नवीकरण नगर्ने संस्थालाई खारेज गरिने महोत्तरी प्रशासनको चेतावनी

टुडे समाचारदाता




जलेश्वर। महोत्तरीमा लामो समयदेखि नवीकरण नगरी निष्क्रिय अवस्थामा रहेका संघसंस्थामाथि जिल्ला प्रशासन कार्यालयले कडाइ गर्ने भएको छ। प्रशासन कार्यालयले दुई वर्षभन्दा बढी समयदेखि नवीकरणका लागि सम्पर्कमा नआएका संस्थालाई दुई महिनाभित्र नवीकरण तथा अभिलेख अद्यावधिक गर्न निर्देशन दिँदै तोकिएको अवधिभित्र प्रक्रिया पूरा नगरे दर्ता खारेजीलगायतका कानुनी कारबाही अघि बढाउने चेतावनी दिएको हो।

जिल्ला प्रशासन कार्यालयका अनुसार महोत्तरीमा संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ बमोजिम हालसम्म २ हजार ३२ वटा संघसंस्था दर्ता भएका छन्। तर दर्ता भएका संस्थामध्ये नियमित रूपमा नवीकरण गराउनेको संख्या निकै न्यून रहेको प्रशासनले जनाएको छ। लामो समयसम्म नवीकरण नभएका संस्थाको वास्तविक अवस्था पहिचान गर्न कठिनाइ भएपछि प्रशासनले पुराना अभिलेखलाई व्यवस्थित र अद्यावधिक गर्ने अभियान अघि बढाएको हो।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार जिल्लामा पटकपटक आएको बाढी तथा कार्यालय भवन स्थानान्तरणका क्रममा कतिपय संस्थाका विधानसहितका सक्कल मिसिल नष्ट वा हराएका छन्। यसका कारण दर्ता भएका संस्थामध्ये कुन सक्रिय छन्, कुन निष्क्रिय छन् र कुन संस्थाले आफ्नो घोषित उद्देश्यअनुसार काम गरिरहेका छन् भन्ने विषयमा समेत स्पष्ट विवरण प्राप्त गर्न कठिन भएको छ। यही अवस्थालाई मध्यनजर गर्दै संस्थाहरूलाई नवीकरण तथा अभिलेख अद्यावधिकका लागि निश्चित समय दिइएको यादवले बताए।

लामो समयसम्म नवीकरणका लागि प्रशासनको सम्पर्कमा नआउँदा संस्थाले आफ्नो उद्देश्यअनुसार गतिविधि सञ्चालन गरिरहेका छन् वा छैनन् भन्ने विषयमा अन्योल बढेको प्रशासनको भनाइ छ। त्यस्तै, संस्थाले नियमित रूपमा तिर्नुपर्ने नवीकरण दस्तुर तथा त्यसबाट सरकारलाई प्राप्त हुने राजस्वसमेत समयमा संकलन हुन नसकेको कार्यालयले जनाएको छ।

प्रशासनले तोकेको अवधिभित्र नवीकरणका लागि आउने संस्थाले दर्ता प्रमाणपत्र र विधान, साधारणसभाको माइन्युट, नवीकरण गर्ने कार्यसमितिको निर्णयसहितको निवेदन, सम्बन्धित आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, स्थायी लेखा नम्बर (प्यान) सहितको कर चुक्ता प्रमाणपत्र, विगतमा सम्पन्न कामको प्रगति विवरण तथा आगामी कार्ययोजना र सम्बन्धित स्थानीय तहको नवीकरण सिफारिसलगायतका आवश्यक कागजात पेश गर्नुपर्नेछ।

प्रशासन कार्यालयले अभिलेख अद्यावधिक तथा नवीकरणको प्रक्रिया पूरा नभएसम्म जिल्लामा नयाँ संघसंस्था दर्ता गरी प्रमाणपत्र जारी गर्ने कार्यसमेत रोकिएको जनाएको छ। पुराना संस्थाको नवीकरण र अभिलेख व्यवस्थापनको काम सम्पन्न भएपछि मात्रै नयाँ संस्था दर्ताको प्रक्रिया पुनः सञ्चालन गरिने कार्यालयले स्पष्ट पारेको छ।

तोकिएको समयभित्र सम्पर्कमा नआउने वा आवश्यक प्रक्रिया पूरा नगर्ने संस्थामाथि भने प्रचलित कानुनअनुसार दर्ता खारेजीलगायतका कारबाही अघि बढाइने प्रशासनले जनाएको छ। प्रशासनको यो कदमले लामो समयदेखि अद्यावधिक नभएका संघसंस्थाको वास्तविक अवस्था पहिचान गर्नुका साथै जिल्लामा दर्ता भएका संस्थाको अभिलेखलाई व्यवस्थित र अद्यावधिक बनाउने अपेक्षा गरिएको छ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा आवेदन फाराम भर्ने म्याद पुनः थप सम्बन्धी



सूचना

मिति २०८३/०५/१६ गतेको सूचना अनुसार यस मधेश कृषि विश्वविधालय कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०८३/८४, चार वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा बिद्यार्थी भर्नाका लागि मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/३१ गते दिन बुधबारसम्म आवेदन फारम भर्ने म्याद थप रहेकोमा Online आवेदन फारम भर्ने म्याद मिति २०८३/०६/१५ गते बिहिवार राति १२:०० बजेसम्मका लागि पुनःथप गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

कृत्रिम बुद्धिमत्ता (AI) को उचित प्रयोग गरौं

- कृत्रिम बुद्धिमत्ताको प्रयोग मानव हित, नैतिकता र कानूनी व्यवस्था अनुसार गरौं,
- कृत्रिम बुद्धिमत्ताबाट प्राप्त जानकारीको सत्यता र विश्वसनीयता पुष्टि गरेर मात्र प्रयोग गरौं,
- व्यक्तिगत गोपनीयता र संवेदनशील जानकारीको सुरक्षा सुनिश्चित गरौं,
- कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट गलत सूचना तथा भ्रमपूर्ण सामग्रीको प्रचारप्रसार नगरौं,
- शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र सार्वजनिक सेवामा कृत्रिम बुद्धिमत्ताको उचित प्रयोगलाई प्रोत्साहन गरौं,
- डिजिटल सीप र कृत्रिम बुद्धिमत्तासम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मानव निर्णय, उत्तरदायित्व र पारदर्शितालाई प्राथमिकता दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८